## सामाजिक परिवर्तन र न्यायका लागि सहकार्य

# वार्षिक प्रतिवेदन २००४

महिला पुनर्स्थापना केन्द्र



महिला पुनर्स्थापना केन्द्र राष्ट्रियस्तरको एक गैर सरकारी संस्था हो । महिला पुनर्स्थापना केन्द्रले विगत १४ वर्षदेखि महिलाअधिकार, बालबालिकाको अधिकार, महिला सशक्तीकरण, महिला स्वास्थ्य, स्थानीय मानव श्रोत र साधनको व्यवस्थापनका साथै दिगो जीविकोपार्जनमा काम गर्दै आइरहेको छ । मानवअधिकारको सम्वर्द्धन र सामाजिक न्यायमा आधारित दिगो सामुदायिक विकास गर्नु केन्द्रको परिलक्ष्य रहेको छ । केन्द्रले एक्काइस हजारभन्दा बढी सदस्यहरुलाई महिला, युवा, किसान र किशोर/किशोरीहरुको समूहमा आवद्ध गरी सशक्तीकरण गर्दै आइरहेको छ । महिला पुनर्स्थापना केन्द्रले मानवबेचबिखनविरुद्ध, आधारभूत मानवअधिकार, महिलाको प्रजनन अधिकारका साथै बीउ, जैविक विविधता, वानस्पतिक र प्राकृतिक श्रोतमा कृषकहरुको पहुँचका साथै अधिकारका विषयहरुमा पैरवी गर्दै आइरहेको छ ।

सामुदायिक सशक्तीकरण, सामाजिक परिचालन, दिगो जीविकोपार्जन र श्रोत व्यवस्थापनका विधामा ओरेकले संगालेको अनुभवलाई यो वार्षिक प्रतिवेदनले अझ खुलस्त पार्ने छ भन्ने हाम्रो विश्वास छ ।

महिला पुनर्स्थापना केन्द्रलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लैगिंक भेदभावविरुद्ध, अन्याय र शोषणविरुद्ध, सहयोग गर्दै आएका विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय सरकारी तथा गैर-सरकारी संघ-संस्थाहरुलाई महिला पुनर्स्थापना केन्द्रको तर्फबाट हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

डा. रेणु राजभण्डारी
अध्यक्ष

प्रकाशक : महिला पुनर्स्थापना केन्द्र
बालकुमारी, ललितपुर
पोष्ट बक्स नं. १३२३३
फोन नं. : २१२३१२४, २१२३१३६
फ्याक्स : ५५५४४५७४
इमेल : worec@wlink.com.np
वेबसाइट : www.worecnepal.org

सम्पादक : डा. विनायक राजभण्डारी

तयार गर्ने : विन्दु गौतम

ले-आउट डिजाइन : गीता पराजुली

प्रकाशन वर्ष : २०६२ बैशाख

१. परिचय

भूमिका १

मूल्य मान्यता, दृष्टिकोण, परिलक्ष्य, रणनैतिक दिशाहरु, २

कार्यक्षेत्र २

केन्द्रको कार्यालयहरु ४

२. सञ्चालित कार्यक्रमहरु

महिला समूह सवलीकरण तथा सशक्तीकरण कार्यक्रम ५

पैरवी कार्यक्रम ९

मानव श्रोत व्यवस्थापन १३

सामुदायिक मध्यस्थता कार्यक्रम १७

मानवबेचबिखन/ओसारपसारविरुद्धको कार्यक्रम १९

समुदायमा आधारित बालविकास कार्यक्रम २३

युवा सशक्तीकरण कार्यक्रम २९

सीमान्तीकृत समुदायको सशक्तीकरण कार्यक्रम ३१

दिगो जीविकोपार्जन तथा श्रोत व्यवस्थापन ३४

क. सबैको लागि स्वास्थ्य ३४

- सामुदायिक स्वास्थ्य कार्यक्रम ३५
- महिला स्वास्थ्य कार्यक्रम ३८
- समुदायमा आधारित एच.आई.भी./एड्स् कार्यक्रम ४२

ख. सघन जैविक खेती प्रणाली कार्यक्रम ४३

ग. लघु उद्योग प्रवर्द्धन कार्यक्रम ४४

३. अनुसन्धान, प्रकाशन र अभिलेखालय ४६

अनुसन्धान ४६

प्रकाशन ४६

अभिलेखालय ४८

## तालिका सूची


| | | |
|---|---|---|
| तालिका नं. १ : | महिला पुनर्स्थापना केन्द्रको कार्यक्रमहरू सञ्चालन क्षेत्र | २ |
| तालिका नं. २ : | महिला पुनर्स्थापना केन्द्रले कार्यक्रम सञ्चालन गरेको जिल्लाको कार्यक्षेत्रभित्रको साक्षरता प्रतिशत (२००१ को तथ्यांक अनुसार) | ३ |
| तालिका नं. ३ : | महिला पुनर्स्थापना केन्द्रले कार्यक्रम सञ्चालन गरेको जिल्लाको कार्यक्षेत्रभित्रको जनसंख्या विवरण (२००१ को तथ्याङ्क अनुसार) | ३ |
| तालिका नं. ४ : | महिला पुनर्स्थापना केन्द्रको पहलमा गठन गरिएका महिला समूहहरूको संख्या | ५ |
| तालिका नं. ५ : | महिला समूहहरूको सहभागितामा मनाइएका दिवसहरू | ६ |
| तालिका नं. ६ : | महिला समूहहरूका लागि सञ्चालन गरिएको तालिमको विवरण | ७ |
| तालिका नं. ७ : | आ.व.२०६०/०६१ मा तालिममा सहभागी भएका सहभागीहरूको विवरण | १५ |
| तालिका नं. ८ : | आ.व. २०६०/०६१ मा सञ्चातिल विषयगत तालिम र सहभागी संख्या, | १५ |
| तालिका नं. ९ : | आ.व. २०६०/०६१ मा महिला पुनर्स्थापना केन्द्र उदयपुरको मध्यस्थता समितिमा दर्ता भएका तथा समाधान गरिएको मुद्दाहरू | १९ |
| तालिका नं. १० : | सामुदायिक संघसंस्थामार्फत सञ्चालित बालविकास केन्द्रहरू | २५ |
| तालिका नं. ११ : | कक्षागत रूपमा बालबालिकाको विवरण | २७ |
| तालिका नं. १२ : | शैक्षिक वर्ष ०५९/०६० सम्म र २०६०/०६१ मा विद्यालय भर्ना भएका बालिकाहरूको जातिगत तथ्याङ्क प्रतिशतमा | २७ |
| तालिका नं. १३ : | बालविकास केन्द्रमा भएका बालबालिकाहरूको विवरण | २८ |
| तालिका नं. १४ : | सर्वेक्षण गरिएका क्षेत्र तथा जानकारी संख्यात्मक विवरण | ३२ |
| तालिका नं. १५ : | स्वास्थ्य संस्थामा जचाउँन आएका रोगीहरूको विवरण | ३५ |
| तालिका नं. १६ : | क्लिनिकबाट सेवा पाइरहेकोहरूको विवरण | ३७ |
| तालिका नं. १७: | परामर्श केन्द्रमा समस्या लिई आएका बिरामीहरूको अनुगमन गरिएका केशहरू | ४० |
| तालिका नं. १८ : | उमेरको आधारमा आएको समस्याहरू | ४० |
| तालिका नं. १९ : | परामर्श केन्द्रमा समस्या लिई आएका महिलाहरूको जातिगत विवरण | ४१ |
| तालिका नं. २० : | सघन जैविक खेती प्रणाली तालिमका सहभागीहरूको विवरण | ४४ |


## चार्ट सूची


चार्ट नं. १. दिसा परिक्षण गर्दा भेटिएका जुकाका प्रकारहरू २५
चार्ट नं. २. जातको आधारमा बालबालिकाहरूको विवरण २६
चार्ट नं.३. रिफरल गरिएको समस्याहरू ३९
चार्ट नं. ४. परामर्श केन्द्रमा समस्या लिई आएका महिलाहरूको आर्थिक अवस्था विवरण ४१
चार्ट नं. ५. अभिलेखालयमा उपलब्ध पुस्तकहरूको शिर्षक ४८


## नक्सा


नक्सा नं. १. महिला पुनर्स्थापना केन्द्रले कार्यक्रम लागू गरेका जिल्लाहरु ४

## १. परिचय

### भूमिका

महिला पुनर्स्थापना केन्द्र महिला अधिकारप्रति समर्पित, सामाजिक न्यायका निम्ति संघर्षरत एक गैर-सरकारी संस्था हो । विगत १३ वर्षदेखि महिला पुनर्स्थापना केन्द्रले सामाजिक न्याय र महिला अधिकार स्थापनाको अभियानलाई निरन्तर राखेको छ । महिला अधिकार अन्तर्गत यस संस्थाद्वारा सञ्चालन गरिएका विषयहरूमा बेचबिखन/ओसारपसारको रोकथाम, महिला स्वास्थ्य, महिलामाथि हुने सबै किसिमका हिंसा उन्मुलन तथा दिगो जीविकोपार्जन सुनिश्चित गर्ने अभियानहरू पर्दछन् ।



**महिला पुनर्स्थापना केन्द्रको केन्द्रिय कार्यालय**

महिला पुनर्स्थापना केन्द्रले नेपालका विभिन्न जिल्लाहरूमा महिला, बालबालिका तथा पछाडि पारिएका समुदायहरूमा केन्द्रित भई विभिन्न कार्यक्रमहरू गर्दै आएको छ । हाम्रो जस्तो पितृसत्तात्मक समाजमा महिलाको अवस्था दयनीय छ । कुनै पनि कुरामा पुरूष सरह उनीहरूको समान पहुँच छैन । पुरूषभन्दा उनीहरूलाई तल्लोस्तरमा राखिन्छ । निर्णायक तहमा पनि पुरूषको नै आधिपत्य रहेको छ । महिलाहरू घरको काममा मात्र सीमित हुनु परेको छ । महिला र पुरूषलाई एक रथको दुई पाङ्गा भनिन्छ तर व्यवहारमा भने त्यो कुरा लागू भएको छैन । अहिले आएर महिला तथा बालबालिकामा मात्रै केन्द्रित भएर समाजमा विद्यमान कुरीति तथा कुप्रथालाई कम गर्न नसकिने जस्तो देखी केन्द्रले महिला, पुरूष, बालबालिका तथा युवाहरू सबैलाई सशक्तीकरण परिचालन गर्ने कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । महिला पुनर्स्थापना केन्द्रले आफ्नो स्थापना कालदेखि एक स्वस्थ, गतिशील, दिगो, न्यायिक र सन्तुलित समाजको परिकल्पना गरी आफ्ना कार्यक्रम अन्तर्गत सामुदायिक संघसस्थाहरूको सवलीकरण र सुदृढीकरण गर्दै दिगो विकास मार्फत सामाजिक न्याय स्थापना गर्ने विभिन्न एकिकृत कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । हाल ओरेकले उदयपुर, मोरङ्ग, सुनसरी, सिराहा, धनुषा, रूपन्देही, काठमाडौं र मुस्ताङ्गमा त्यस्ता कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।

## मूल्य मान्यता

महिला पुनर्स्थापना केन्द्रले सबैं प्रकारका भेदभावको अन्त्य तथा व्यापक जनसहभागिता र सामाजिक न्यायमा आधारित सामुदायिक विकास मात्र दिगो हुन सक्छ भन्ने मूल्य र मान्यता राख्दछ । मानव बेचबिखन/ओसारपसार, शिक्षा, स्वास्थ्य, पोषण लगायत अन्य क्षेत्रमा महिला र बालबालिकामाथि गरिने भेदभाव उनीहरूको आधारभूत मानव अधिकारको हनन हो र यसको अन्त्य गरिनुका साथै सबै नागरिकको समान मानवअधिकार तथा महिलाहरूका विशिष्ठ अधिकारहरू सुनिश्चित गरिनुपर्दछ भन्ने मान्यता यस केन्द्रको रहेको छ ।

## दृष्टिकोण

मानवअधिकार र सामाजिक न्यायमा आधारित दिगो विकास गर्न महिला पुनर्स्थापना केन्द्रलाई मानवबेचबिखनविरुद्ध र महिलाअधिकारको दायरामा सक्रिय गैरसरकारी संस्थाको रुपमा स्थापित र विकास गर्ने ।

## परिलक्ष्य

मानवअधिकारको सम्वर्द्धन र सामाजिक न्यायमा आधारित दिगो सामुदायिक विकास गर्ने ।

## रणनैतिक दिशाहरू

- ⇨ सामाजिक, आर्थिक परिवर्तन र दिगो विकासका प्रक्रियाहरूलाई तेज पार्न सामूहिक सशक्तीकरण तथा सामाजिक परिचालन ।
- ⇨ सामाजिक न्याय र समानतामा आधारित समाजको निर्माण गर्ने दिशामा महिला, बालबालिका र पछाडिं पारिएका जनसमुदायको मानवअधिकारको सुनिश्चितताको लागि पैरवी ।
- ⇨ दिगो जीविकोपार्जन र सामुदायिक विकासका लागि स्थानीय स्रोतहरूको समुचित व्यवस्थापन ।

## कार्यक्षेत्र

महिला पुनर्स्थापना केन्द्रले हाल आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको जिल्ला तथा गाविसहरू तालिका नं १ मा प्रस्तुत गरिएको छ । केन्द्रले हाल काठमाडौं बाहेक सातवटा जिल्लाहरूमा जम्मा ११६ वटा गा.वि.स. र ६ वटा नगरपालिकाहरूका आफ्ना कार्यक्षेत्र संचालन गरिरहेको छ ।

*तालिका नं. १.* **महिला पुनर्स्थापना केन्द्रको कार्यक्रमहरू सञ्चालन क्षेत्र**

| क्र.सं. | जिल्ला | गाविस संख्या | नगरपालिका संख्या |
|---|---|---|---|
| १ | मोरङ्ग | २९ | १ |
| २ | सुनसरी | १३ | २ |
| ३ | उदेयपुर | २५ | १ |
| ४ | सिराहा | ३ | १ |
| ५ | धनुषा | १५ | १ |
| ६ | मुस्ताङ | ३ | - |
| ७ | रूपन्देही | ५ | - |
| जम्मा | | ११६ | ६ |

यस बाहेक महिला पुनर्स्थापना केन्द्रले सन् १९९७ देखि १९९९ सम्म बैतडीमा, सन् १९९७ देखि १९९९ सम्म सल्यानमा र सन् १९९२ देखि २००१सम्म नुवाकोट जिल्लामा आफ्ना कार्यक्रमहरू सञ्चालन गरेको थियो। कर्मचारीहरूको आवागमन र बैठक/भेलाहरू सञ्चालन गर्ने कार्यमा कठिनाईहरू उत्पन्न भएपछि ती जिल्लाका कार्यक्रमहरू स्थगित गरिएका हुन्।

महिला पुनर्स्थापना केन्द्रले कार्यक्रमहरू सञ्चालन गरेको जिल्लाको साक्षरता प्रतिशत र जनसंख्या विवरण क्रमशः तालिका नं २ र ३ मा प्रस्तुत गरिएको छ।

***तालिका नं. २.*** महिला पुनर्स्थापना केन्द्रले कार्यक्रम सञ्चालन गरेको जिल्लाको कार्यक्षेत्र भित्रको साक्षरता प्रतिशत (२००१ को तथ्यांक अनुसार)

| *क्र.स.* | *जिल्ला* | *साक्षरता प्रतिशत* |
|---|---|---|
| १ | मोरङ्ग | ५६.७ |
| २. | सुनसरी | ५६.७ |
| ३. | उदयपुर | ५३.३ |
| ४. | सिराहा | ४०.३ |
| ५. | धनुषा | ४८.४ |
| ६. | मुस्ताङ्ग | ५१.८ |
| ७. | रूपन्देही | ६६.० |

***तालिका नं. ३.*** महिला पुनर्स्थापना केन्द्रले कार्यक्रम सञ्चालन गरेको जिल्लाको कार्यक्षेत्रभित्रको जनसंख्या विवरण (२००१ को तथ्याङ्क अनुसार)

| *जिल्ला* | *गाविस र न.पा. संख्या* | *घरधुरी संख्या* | *महिला* | *पुरुष* | *जम्मा* |
|---|---|---|---|---|---|
| मोरङ्ग | ३० | ६६,७१८ | १७१,६९२ | १६७,७०६ | ३३९,३९८ |
| सुनसरी | १५ | १७,०६६ | ४३,६३३ | ४९,७५६ | ८३,३८९ |
| सिराहा | ३ | ३,२४० | ९,०४० | ९,११६ | १,८१५६ |
| उदयपुर | १४ | २८,४१९ | ७७,१८७ | ७६,८१९ | १५४,००६ |
| धनुषा | १६ | २०,६९४ | ५६,४१६ | ५८,८०८ | ११५,२२४ |
| मुस्ताङ्ग | ३ | ५८१ | १,११५ | १,५३८ | २,६५३ |
| रूपन्देही | ५ | १३,८५८ | ३७,५१७ | ३५,५४८ | ७३,०६५ |
| जम्मा | ८६ | १५०,५७६ | ३९६,६०० | ३९९,२९१ | ७८८,८९१ |

## केन्द्रका कार्यालयहरू

महिला पुनर्स्थापना केन्द्रले संस्थाको दैनिक कार्यलाई छिटो छरितो र प्रभावकारी बनाउने उद्देश्यले विभिन्न जिल्लामा कार्यालयहरू स्थापना गरेको छ जुन निम्न अनुसार छ :

| | | |
|---|---|---|
| १. केन्द्रिय सचिवालय | : | गौरीघाट, काठमाडौं |
| २. केन्द्रिय कार्यालय | : | ललितपुर उप-महानगरपालिका वडा नं. ९, बालकुमारी, ललितपुर |
| ३. जिल्ला शाखा कार्यालय | : | त्रियुगा नगरपालिका वडा नं. १६, राजाबास, उदयपुर |
| ४. जिल्ला शाखा कार्यालय | : | विराटनगर उप-महानगरपालिका, विराटनगर, मोरङ्ग |
| ५. जिल्ला शाखा कार्यालय | : | जनकपुर नगरपालिका, पिडरिया माईचोक, जनकपुर, धनुषा |
| ६. जिल्ला सम्पर्क कार्यालय | : | लेते गाविस, मुस्ताङ |

## कार्यकारिणी समिति

| | | |
|---|---|---|
| १. | डा. रेणु राजभण्डारी | अध्यक्ष |
| २. | सरज गुरुङ्ग | उपाध्यक्ष |
| ३. | बाबु राम गौतम | सचिव |
| ४. | ज्योती पौडेल | कोषाध्यक्ष |
| ५. | भविसरा गुरुङ्ग | सदस्य |
| ६. | गंगा कसजु | सदस्य |
| ७. | टीका राज पुलामी | सदस्य |
| ८. | बिमला राई | सदस्य |
| ९. | रामवती चौधरी | सदस्य |

## सल्लाहकार समिति

१. डा. विनायक प्रसाद राजभण्डारी
२. प्रो. डा. कैलाश नाथ प्याकुरेल
३. प्रो. हर्ष नारायण धौवडेल
४. डा. मीना आचार्य
५. डा. देवेन्द्र चापागाई
६. डा. मोहन खरेल
७. श्रीमती पीतम्बरा उपाध्याय




**नक्सा नं. १ : महिला पुनर्स्थापना केन्द्रले कार्यक्रम लागू गरेका जिल्लाहरू**

## २. सामाजिक परिवर्तन र न्यायका लागि सहकार्य

### १. महिला समूह सबलीकरण तथा सशक्तीकरण कार्यक्रम

सामाजिक न्यायपूर्ण समाजका लागि समाजका सबै जाती, लिङ्ग, वर्गको समान भूमिका र स्रोतहरूमा समान पहुँचको आवश्यकता हुन्छ । समाजका सबै वर्गको जबसम्म समान सहभागिता हुँदैन तबसम्म समाज एकरूपताका साथ अगाडि बढ्न सक्दैन । श्रोत-साधनमा रहेको असमान पहुँच र नियन्त्रणले समाजलाई भिन्न भिन्न दिशातर्फ लैजान्छ । वर्तमान परिवेशमा नेपाली समाजमा मानव बेचबिखन, हिंसा, स्थानागमन, बेरोजगारी जस्ता विभिन्न समस्याहरूले विकराल रूप लिइरहेका छन् । विद्यमान सामाजिक मूल्य र मान्यताले महिलालाई समाजमा अझै पनि आधारभूत मानवअधिकारबाट बञ्चित गरेका छन् । यस्तै सामाजिक विकृतिको विरूद्धमा पीडित र यस्ता विकृतिप्रति चिन्तित व्यक्तिहरूलाई संगठित गरी समतामूलक समाजको सिर्जनाको लागि पैरवी गर्न सक्षम नागरिक तयार पार्नु आजको आवश्यकता हो । समूहहरूको परिचालन गरी विभिन्न चेतनामूलक तथा शिपमूलक क्रियाकलापद्वारा सहभागिता र निर्णय प्रकृयामा महिलाहरूको संख्यात्मक र गुणात्मक पहुँच र नियन्त्रणमा समानता कायम गर्न अधिकारवादी सोचको माध्यमबाट समूह परिचालन र सशक्तीकरण कार्यक्रमको थालनी गरिएको छ । समाजमा पछाडि पारिएका जन समुदायको स्थानीयस्तरमा सामुदायिक संघ-संस्था निर्माण गरी उपलब्ध श्रोत र साधनको प्रवर्द्धन र परिचालन गर्दै सामाजिक न्यायपूर्ण र स्वस्थ्य समाजको निमार्ण गर्नु यस कार्यक्रमको लक्ष्य रहेको छ ।

*उद्देश्यहरु*

- ⇨ महिला समूह/सागठनको बिस्तार गर्ने ।
- ⇨ समूहका सदस्यहरूको नेतृत्व विकास गर्दै संस्थागत विकास गर्ने ।
- ⇨ महिलाहरूको आय र शिपमा अभिवृद्धि गर्ने ।
- ⇨ सामाजिक परिवर्तनका लागि महिलाहरूको क्षमता अभिवृद्धि गरी आफ्नो अधिकारबारे बुझ्न र लिन सक्षम बनाउने ।
- ⇨ महिलाका मुद्दाहरूलाई आत्मसात गरी स्थानीय तथा राष्ट्रियस्तरमा पैरवी गर्न सक्षम समुदायको निर्माण गर्ने ।
- ⇨ राष्ट्रिय तथा स्थानीय स्रोतको संस्थागत रूपमा पूर्णपरिचालन गर्न सक्ने महिलाको संख्यामा बृद्धि गर्ने ।

*गतिविधिहरु*

*तालिका नं. ४.* महिला पुनर्स्थापना केन्द्रको पहलमा गठन गरिएका महिला समूहहरूको संख्या

| क्र. सं. | स्थान | वडा समूहको संख्या | सदस्यको संख्या | गाविसस्तरिय महिला फेडरेसन | सदस्यको संख्या |
|---|---|---|---|---|---|
| १ | उदयपुर | १८१ | २७६० | ८ | १२२ |
| २ | मोरङ्ग | २६५ | ३९१५ | २९ | ५२२ |
| ३ | सुनसरी | १०२ | १६०५ | १३ | २३४ |
| ४ | सीराहा | ३६ | ६२३ | – | – |
| ५ | धनुषा | ९२ | १४२० | १० | १८० |
| ६ | मुस्ताङ्ग | १३ | ३३४ | – | – |
| | जम्मा | ६८९ | १०,६५७ | ६० | १,०५८ |

⇨ *सहकारी :* त्रियुगा नगरपालिका उदयपुरमा २४ वटा महिला समूहका २६५ जना सेयर सदस्य रहेको सहकारीमा सेयरपूँजि रू.२६,४००।- छ भने बचत रकम रू. १,५३,०००।- ब्याज रू. ३४,००० र लगानी रकम रू. १,९८,०००।- रहेको छ ।

⇨ *सामुदायिक बैंक :* जोगिदहमा ५ वटा, हँडियामा ४ वटा र त्रिनपामा एउटा गरी जम्मा १० वटा सामुदायिक बैंकले कारोबार गरिरहेको छ । अन्य केही समूहले अप्ठेरो भएको कारण यस प्रक्रियालाई नअपनाएको कुरा आएको छ ।

⇨ कार्यक्षेत्रमा गठन भएका सबै महिला समूहहरू निरन्तर रूपमा मासिक बैठक बसी नयाँ विषयमा छलफल गर्ने, आफ्ना अनुभवहरू एकअर्कामा बाँड्ने, छलफलका लागि एजेण्डा आफैले राख्ने, पारिवारिक भेला र घुम्ती गोष्ठीको आयोजना गर्ने, मासिक रूपमा कार्ययोजना बनाई कार्यान्वयन गर्ने, समूहमा आएका महिला हिंसा र अन्य केशहरूमा छलफल गरी मिलाउने र मिलाउन नसकेका केशहरू सम्बन्धित निकायमा पुऱ्याउन सहयोग गरी मिलाउन दवाव दिने, चेतनामूलक गतिविधिहरू (भिडियो प्रदर्शन, सडकनाटक, ऱ्याली, घरदैलो आदि) गर्ने गरेका छन् । युवा र बाल समूहलाई पनि सशक्तीकरण गर्न हाजिरीजवाफ, कविता, बक्तृत्वकला जस्ता प्रतियोगिता, अन्तरक्रिया र समन्वय बैठक राखी एक आपसमा सहयोग लिने/दिने वातावरण तयार गर्ने गरेका छन् ।

⇨ गाविसमा गठन भएका कार्यसमितिसँग गाविसस्तरीय महिला फेडरेसनले समन्वय गरी गतिविधि सन्चालन गर्ने, गतिविधिहरूको समीक्षा गर्ने, समस्या समाधान गर्न एक अर्कामा सहयोग पनि हुने भएकाले कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन मोरङ्गका ११ गाविस र उदयपुरका ६ गाविसमा समन्वयात्मक बैठकको आयोजना गरिएको थियो । बैठक पश्चात गाविसस्तरीय फेडरेसनले महिला हिंसाका केशहरू मिलाउँदा र योजना अनुरूप कार्य गर्दा कार्य समितिका सदस्यहरूबाट सहयोग पुगेको छ ।

⇨ महिला समूहका सदस्यहरूलाई समूह कसरी व्यवस्थित गर्ने, समूहमा बचत भएको रकमको कसरी स्पष्टसँग हिसाब किताब राख्ने भन्ने विषयमा र चेतना अभिबृद्धि गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले समूहको आवश्यकता र मागलाई ध्यानमा राखी अभिमुखीकरण गरिएको थियो ।

⇨ महिला समूहहरूको सहभागितामा विभिन्न दिवसहरू मनाईंदै आएको छ ।

***तालिका नं. ५.* महिला समूहहरूको सहभागितामा मनाईएका दिवसहरू**

| जिल्ला | दिवसहरू | स्थान र गतिविधिहरू |
|---|---|---|
| उदयपुर | महिला हिंसाविरूद्ध दिवस, अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस | हँडिया, बेल्टार, रौता, जोगिदह, जाल्पा, त्रि.न.पा, साउने र खाँबुमा ऱ्याली, मन्तव्य, वक्तृत्वकला, कविता गीत प्रतियोगिता, अन्तरक्रिया, महिला स्वास्थ्य शिविर र विभिन्न खेल प्रतियोगिता गरी मनाईएको |
| मोरङ्ग– सुनसरी | महिला हिंसा विरूद्ध दिवस, अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस | बिराटनगर, रा.वे, शनिश्चरे, दर्बेशा, रंगेली, सिजुवा, भाथिगछ, शिशवनी र उर्लाबारीमा ऱ्याली, मन्तव्य, अन्तरक्रिया, वक्तृत्वकला प्रतियोगिता |
| धनुषा | महिला हिंसाविरूद्ध दिवस, अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस | नक्टाझिझ, महेन्द्रनगर, ढल्केवर, गोदार, लवटोली, भरतपुर, हरिहरपुरमा अन्तरक्रिया, ऱ्याली, सडक नाटक प्रदर्शन गरी मनाईएको |
| सिराहा | अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस, जातीय विभेद उन्मुलन दिवस | ऱ्याली, मन्तव्य |

**तालिका नं. ६.** महिला समूहहरूका लागि सञ्चालन गरिएको तालिमको विवरण

| जिल्ला | गाविस | विषय | सदस्य संख्या | कैफियत |
|---|---|---|---|---|
| जनकपुर | गोदार, भरतपुर, पुष्पलपुर, महेन्द्रनगर, हरिहरपुर, यज्ञभूमि, ढल्केबर, नक्टाझिझ, धनुषाधाम | समूह व्यवस्थापन | ११०२ | ६३ वटा समूह |
| | | लेखा व्यवस्थापन | १२० | ९ वटा समूह |
| उदयपुर | कार्यक्षेत्र | महिला स्वास्थ्य | १२१९ | ७२ वटा समूह |
| उदयपुर | रौता र जाल्पा | मध्यस्थता | ४७ | ३ वटा समूह |
| उदयपुर | श्रीपुर, पोर्ताहा, रौता | करेसा बारी | ४८ | ३ वटा समूह |
| उदयपुर | भलायडाँडा | कम्पोष्ट मल बनाउने | १२ | १ वटा समूह |
| उदयपुर | रौता | बाखा पालन | २३ | |
| उदयपुर | कार्यक्षेत्र | सरूवा रोग र वातावरण सरसफाइ | २३० | २९ वटा समूह |
| मोरङ्ग | महादेवा | महिला स्वास्थ्य | ३१ | गाविसस्तरीय महिला फेडरेसनका सदस्य |

⇨ महिला समूहका सदस्यहरूलाई विभिन्न विषयमा हुने छलफलमा समान रूपमा सहभागी हुन पाउने वातावरण तयार गर्न, वडा समूहका सदस्यलाई सक्रिय र सशक्त बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यले प्रत्येक महिना वडास्तरीय महिला समूहका २/२ जना सदस्यहरूलाई पालैपालो सहभागी बनाई प्रत्येक वडामा घुम्ती-गोष्ठी सञ्चालन गरियो । उदयपुरमा ४३ वटा, जनकपुरमा ४९ वटा र मोरङ्ग-सुनसरीमा ३८ वटा यस्ता गोष्ठीहरू सञ्चालित भए । गोष्ठीमा आफ्ना अनुभव आदान प्रदान गर्ने, आफ्नो समूहले गरेको काम भन्नुपर्ने भएकाले सदस्यहरूमा काम गरेर देखाउनु पर्दछ भन्ने भावना विकास भएको र समूहले मासिक योजना बनाई काम पनि गर्न शुरू गरेका छन् । सबै सदस्यहरू समान रूपमा सहभागी हुन पाउँदा उनीहरूको आत्मबल आत्मविश्वास बढेको कुरा समूहका सदस्यबाट आएको थियो ।

⇨ २०६० चैत्र १२ र १३ गते मोरङ्ग–सुनसरीका ४२ गाविसका महिला फेडरेसनका सदस्यहरूको जिल्लास्तरीय गोष्ठी बिराटनगरमा सम्मपन्न भयो । १०१ जनाको सहभागितामा सम्पन्न उक्त गोष्ठीमा फेडरेसनका सदस्यहरूले बिगत १ वर्षमा गरेका गतिविधिहरूको प्रगती विवरण, उपलब्धी, काम गर्दा आएका चुनौतीहरूको बारेमा छलफल गरी आगामी वर्षको योजना बनाएका थिए ।

⇨ गाविसस्तरीय महिला फेडरेसनलाई सक्रिय रूपमा अगाडि बढाउन, संस्थागत बिकास गर्न, महिलाका मुद्धामा पैरवी गर्न, जिल्लाका संघ-संस्थाहरूसँग समन्वय गरी ती संस्थाबाट प्राप्त हुने सेवा तथा सुविधाहरूमा महिलाको पहुँच बढाउन पहल गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले जिल्लास्तरीय महिला फेडरेसन गठनको प्रक्रियालाई अगाडि बढाई मोरङ्गमा ११ र सुनसरीमा ९ जनाको तदर्थ समिति बनेको छ ।

⇨ ०६० माघ २६ गते उदयपुरको बेल्टार गाविसमा सुरक्षित स्थानागमनका सम्बन्धमा जानकारी दिने उद्देश्यले युवा समूहका सदस्य, महिला समूहका सदस्य, कार्यदलका सदस्य र समन्वय समितिका

सदस्य गरी जम्मा २१ जनाको उपस्थितिमा बैदेशिक रोजगारीमा जानेले भोग्नुपर्ने समस्या र केन्द्रका तर्फबाट गर्न सकिने समाधानको उपायबारे छलफल गरियो । यसै गरी जनकपुर र मोरङ्ग-सुनसरीमा पनि विभिन्न समूहमा मानव बेचबिखनविरूद्ध, महिला हिंसाविरूद्ध, महिला स्वास्थ्य र अन्य विषयमा पनि अभिमुखीकरण गरियो ।

⇨ गाविसमा गठन भएका महिला समूहहरू र अन्य समूहका सदस्यहरूलाई सहभागी गराई आफ्नो अनुभव, सम्पन्न गरिएका गतिविधिहरू र आगामी दिनमा अझ बढी प्रभावकारीरूपमा कसरी काम गर्ने भन्ने विषयमा छलफल गर्न उदयपुर, मोरङ्ग, सुनसरी र जनकपुरमा पनि अन्तरक्रिया कार्यक्रम गरिएको थियो । यस कार्यक्रमले समूहका सदस्यहरूमा आफ्नो प्रगति विवरण र अनुभव सुनाउन पाउँदा अझ बढी प्रेरणा मिलेको र समुदायका अन्य बुद्धिजिवीहरूलाई पनि समूहले गरेको कामको बारेमा जानकारी भएको र आगामी दिनमा गर्ने कामको बारेमा सरसल्लाह र सुझावहरू समूहका सदस्यले प्राप्त गरेका थिए ।

⇨ महिला पुनर्स्थापना केन्द्रका सबै कार्यक्षेत्रहरूमा गठित महिला समूहहरूको आयोजनामा विभिन्न गाविसहरूमा ५७५ जनाको उपस्थितिमा पारिवारिक भेलाको आयोजना गरियो ।

⇨ कार्यक्षेत्रमा गठित महिला समूहहरूले विभिन्न गाविसहरूमा ३६५७ जनाको उपस्थितिमा मानव बेचबिखनविरूद्ध भिडियो प्रदर्शन गरेका थिए ।

***उपलब्धीहरू***

⇨ आफैले वडास्तरमा गठन गरेर परिचालन गरेका समूहको संस्थागत विकास भई स्थानीय महिला संस्थाको रूपमा पहिचान बनाउन सक्षम भएका र विभिन्न साझेदारी गतिविधिहरू आफैले सञ्चालन गर्न सकेका ।

⇨ महिला समूहहरूले समुदायमा सकारात्मक सामाजिक परिवर्तनका लागि विभिन्न चेतना मूलक गतिविधिहरू सञ्चालन गरेका ।

⇨ आफ्नै सानो रकमबाट बचत सुरू गरी आवश्यकता अनुसार सानोतिनो व्यवसाय संचलान गरी आयआर्जन गर्न सकेका ।

⇨ महिलाको समस्यामा फेडरेसनले मध्यस्थताको काम गरिरहेको साथै अन्य नीतिगत कुरामा परिवर्तनका लागि पैरवी गर्न सक्षम भएको ।

⇨ महिला समूहका सदस्यहरूको आत्म विश्वास र सामाजिक परिवर्तनका लागि अग्रसर हुने लगनशिलतामा बृद्धि भएको ।

## २. पैरवी कार्यक्रम

महिला पुनर्स्थापना केन्द्रले आधारभूत नागरिक अधिकार, महिलाहरूको मानवअधिकार तथा बाल अधिकार लगायत सामाजिक न्याय स्थापनाका लागि विभिन्न तहमा पैरवी कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यस केन्द्रले पैरवीका विभिन्न माध्यमहरू जस्तैः र्‍याली, बैठक, तालिम, गोष्ठी, हस्ताक्षर अभियान, विभिन्न सूचना, शिक्षा तथा सञ्चार सामग्री प्रकाशन तथा वितरण, संजाल निर्माण आदिबाट महिला अधिकार र बाल अधिकारका विभिन्न मुद्दाहरूमा काम गरिरहेको छ ।

### *उद्देश्यहरू*

⇨ विभिन्न स्थानीय निकायका पदाधिकारीहरूलाई महिला, बालबालिका र पछाडि पारिएका वा सीमान्तीकृत समुदायहरूको पुनर्स्थापनाका सवाल र मुद्दाहरूप्रति सम्वेदनशील बनाउने र आफ्नो जिम्मेवारी वहन गर्नुपर्ने कुरालाई बोध गराउने ।

⇨ स्थानीयस्तरबाट उठेका अधिकार र विकाससँग सम्बन्धित मुद्दाहरूलाई क्षेत्रीय तथा राष्ट्रियस्तरसम्म उठाई नीतिगत परिवर्तनका लागि पैरवी गर्ने ।

⇨ महिला, बालबालिका र पछाडि पारिएका वा सीमान्तीकृत समुदायहरूका मुद्दाहरूसँग सम्बन्धित कानुनहरूको प्रभावकारी रूपमा बढीभन्दा बढी कार्यान्वयन को लागि पैरवी गर्ने ।

⇨ महिला, बालबालिका र सीमान्तीकृत समुदायहरूका सरोकारका विषयहरूमा अन्तर्राष्ट्रियस्तरसम्म वहस चलाउने र अन्तर्राष्ट्रिय रूपबाटै दबाब सिर्जना गर्ने ।

### *गतिबिधि तथा उपलब्धिहरू*

पैरवी कार्यक्रम अन्तर्गत यस अवधिमा निम्न कार्यक्रमहरू सम्पन्न भएका छन् ।

१. *कथित बोक्सी प्रथा र महिला हिंसाविरुद्धको अन्तर्राष्ट्रिय कार्यक्रम :* बोक्सीको नाममा गरिने विभिन्न हिंसा नेपालमा विद्यमान महिलाहरूमाथि गरिने हिंसाको चरम रूप हो । हरेक वर्ष बोक्सीको नाममा महिलाहरूमाथि गरिएका हिंसाहरूको समाचार विभिन्न सञ्चारमाध्यमबाट प्रकाशमा आउने गरेका छन् । बोक्सीको नाममा गरिएका विभिन्न अमानवीय व्यवहारहरू जस्तै : कुटपिट, अपशब्द, मलमुत्र खुवाउने, कालोमोसो दल्ने लगायत अङ्गभङ्ग हुने र मृत्युको मुखमा समेत पुर्‍याइएका दर्दनाक समाचारहरूबाट महिला अधिकारको क्षेत्रमा काम गर्ने सबैको सामु प्रश्न खडा भएको छ । यही यथार्थलाई राष्ट्रिय वहसको रूपमा अगाडि ल्याउने महिला पुर्नस्थापना केन्द्रले विभिन्न पैरवीमूलक अभियान सञ्चालन गरेको थियो । सर्वप्रथम "कथित बोक्सी प्रथा र महिला हिंसा" विषयक अन्तर्क्रिया कार्यक्रम नेपाल बार एसोसियसनको हलमा गरिएको थियो । उक्त कार्यक्रममा सबै मानवअधिकार र महिला अधिकार क्षेत्रमा काम गर्ने संघ-संस्था, पत्रकारहरू, राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधिहरू र निर्णायक तहका पदाधिकारीहरूको पनि उपस्थिति थियो । उक्त अन्तर्क्रियामा महिलाहरूमाथि बोक्सीको नाममा गरिने अमानवीय व्यवहारलाई निरूत्साहित गर्न एक विधेयक पारित हुनु जरूरी छ भन्ने कुरामा सबैको सहमति भएको थियो । महिला पुर्नस्थापना केन्द्रले विधेयक निर्माण गर्न पहिलो कदम चालि हाल्नुपर्ने कुरामा पनि सबैले जोड दिएका थिए । यही कुरालाई मनन गर्दै महिला पुनर्स्थापना केन्द्रले प्रक्रियागत रूपमा बोक्सीको नाममा गरिने हिंसाविरूद्ध पैरवीमूलक अभियान शुरू गरिसकेको छ ।

२. ***सिडो छायाँ प्रतिवेदन*** : श्री ५ को सरकारले "महिला माथि हुने सबै प्रकारका हिंसा उन्मुलन" विषयक महासन्धि सन् १९९१ मा हेस्ताक्षर गरेर अनुमोदन गरेको थियो । उक्त महासन्धि अनुमोदन गरेको आज १३ वर्ष बितिसक्दा पनि उक्त महासन्धिमा उल्लेखित महिलाको मानव अधिकार प्रावधानलाई राष्ट्रिय कानुनमा समावेश गरी कार्यान्वयनको लागि पहल गर्न नसक्नुले हाम्रो सरकार महिला अधिकारप्रति त्यति संवेदनशील नभएको प्रस्ट देखिन्छ । प्रत्येक ४/४ वर्षमा सिडो कार्यान्वयन भए नभएको कुराहरूलाई संयुक्त राष्ट्र संघीय सिडो समितिमा सरकार र नागरिक समाज दुवै पक्षबाट रिपोर्ट जानुपर्ने हुन्छ । यस वर्ष पनि यस महासन्धिको छाया प्रतिवेदनको लागि विभिन्न महिला अधिकारमा काम गर्ने संस्थाहरूको एउटा समिति निर्माण गरी त्यसमार्फत संयुक्त राष्ट्र संघीय सिडो समितिमा रिपोर्ट प्रस्तुत गरिएको थियो । महिला पुनर्स्थापना केन्द्र उक्त समितिको एक सदस्य थियो । महिला पुनर्स्थापना केन्द्रले महिलामाथि हुने हिंसा (धारा ६) को विश्लेषणात्मक रिपोर्ट दिएको थियो । उक्त रिपोर्टमा महिलामाथि हुने हिंसाका प्रकारहरू, आर्थिक, राजनैतिक, सामाजिक हिंसाका कारणहरू; यसबाट महिलामाथि पर्ने प्रभाव; सरकारी निकायबाट चालिएका कदमहरू; र गैरसरकारी संस्थाबाट हिंसालाई न्युनीकरण गर्न चलाइएका कार्यक्रमहरू एवं प्रस्तावित सुझावहरू समावेश गरिएका छन् ।

३. ***लिस्नु तालिम केन्द्रको स्थापना :*** विगत केही वर्षदेखि बैदेशिक रोजगारमा जाने व्यक्तिहरू विदेशमा विभिन्न खाले हिंसामा परेका घटनाहरू प्रकाशमा आईरहेका छन् । वर्तमान राजनैतिक द्वन्द्वका कारणले पनि राम्रो जीवनयापन र सुरक्षाको लागि मानिसहरू बैदेशिक रोजगारमा जान लालायित देखिन्छन् । तर बैदेशिक रोजगारमा जाने क्रममा कतिपय म्यानपावर संस्थाहरूले त्यस्ता अनभिज्ञ व्यक्तिहरूलाई आवश्यक सूचना प्रवाह नगरी खाली व्यावसायिक मुनाफाको कुरालाई मात्र ध्यानमा राखी उनीहरूलाई विदेश पठाउने गरेको देखिन्छ । जसले गर्दा विदेशमा उनीहरू विभिन्न हिंसामा परेका तथा ठगिएका छन् र कतिपय अवस्थामा उनीहरूको मृत्यु समेत भएको समाचारहरू आउने गरेको छ ।

महिला पुनर्स्थापना केन्द्रले मानवबेचबिखन/ओसारपसार तथा सुरक्षित स्थानागमनमा काम गर्ने क्रममा आफ्नो अनुभव र माथिको अवस्थालाई विश्लेषण गर्दा बैदेशिक रोजगारमा जाँदा नागरिकहरूले उपयुक्त सूचना नपाउनाले हिंसामा परेको तथा ठगिएको कुरा प्रस्ट अगाडि आएको छ । अतः म्यानपावर संस्थाहरूलाई समेत लक्षित गरी सुरक्षित स्थानागमनको लागि श्रमिक नागरिकहरू जाने देश र त्यँहा गरिने काम, शर्त, सुविधा सबैको बारेमा जानकारी दिनको लागि महिला पुनर्स्थापना केन्द्रले लिस्नु तालिम केन्द्रको स्थापना गरेको छ ।

४. ***महिला हिंसाविरूद्ध १६ दिवसीय कार्यक्रम :*** महिलामाथि हुने सबै प्रकारका हिंसाहरूको अन्त्य हुनुपर्दछ एवं महिलाहरूको मानवअधिकार सुनिश्चित गराईनुपर्दछ भन्ने नाराका साथ सन् १९९१, देखि अन्तर्राष्ट्रिय रूपमै शुरू गरिएको यो १६ दिवसीय अभियान सन् १९९७ देखि नेपालमा पनि महिला अधिकारको क्षेत्रमा काम गर्ने विभिन्न संघ-संस्थाले मनाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छन् । महिला पुर्नस्थापना केन्द्रले पनि



**महिलामाथि हुने सबै प्रकारका हिंसाविरुद्धको दिवसमा पर्चा वितरण गर्दै ओरेकका साथीहरू**

यस वर्ष महिला हिंसाविरूद्धको अर्न्तराष्ट्रिय दिवस नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मको १६ दिनलाई समुदायस्तरदेखि राष्ट्रियस्तरसम्म विभिन्न पैरवीमूलक कार्यक्रम सञ्चालन गरी अन्तर्राष्ट्रिय रूपमा ऐक्यवद्धता जाहेर गरेका थियो । जस अर्न्तगत निम्न कार्यक्रमहरू सञ्चालन भएका थिए :

⇨ २५-३० नोभेम्वरसम्म महिलामाथि हुने हिंसाविरूद्ध विभिन्न तथ्य, अनुसन्धान, हिंसासम्बन्धी भिडियो, डकुमेन्ट्रि फिल्म तथा प्रकाशनहरूको प्रदर्शनी तथा सूचना प्रवाह महिला पुनर्स्थापना केन्द्रको केन्द्रिय कार्यालय बालकुमारीमा आयोजना गरिएको थियो । पाँच दिने उक्त प्रर्दशनी विभिन्न संघ-सस्थाका प्रतिनिधिहरू र क्याम्पस तथा स्कुलका विद्यार्थीहरू गरी जम्मा छ सय जनाले अवलोकन गरेका थिए । त्यस्तै गरेर २५ नोभेम्वरको दिन महिला हिंसाविरूद्धको दिवसका दिन महिलामाथि हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सवेंदनशील गराउन रत्नपार्क गोलघरबाट सुरू गरी शहरका विभिन्न स्थानमा माईकिङ्गद्वारा महिलाको मानवअधिकार संरक्षण र सुनिश्चितताको लागि सम्पूर्ण व्यक्ति, परिवार, मानवअधिकारकर्मी, सामाजिक संघ-सस्था, सरकारी निकाय, गैरसरकारी संघ-सस्था, सञ्चार-कर्मीहरू समेतलाई एक जुट हुन आह्वान गर्दै महिला हिंसाविरूद्ध जनचेतना जगाउन पर्चा समेत बितरण गरिएको थियो ।

⇨ डिसेम्वर १ मा महिला पुनर्स्थापना केन्द्रले अन्तराष्ट्रिय एड्स दिवसको सर्न्दभमा राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रसँग समन्वय गरी विभिन्न एचआईभि/एड्समा काम गर्ने संघ-सस्थासँग र्‍यालीमा सहभागी भएको थियो ।

⇨ डिसेम्वर १ कै दिन महिला पुनर्स्थापना केन्द्रको आयआर्जन कार्यक्रमबाट उत्पादन गरेका विभिन्न आयमूलक सामाग्रीहरूको प्रदर्शनी तथा विक्री वितरणका लागि स्ट्याण्र्डड चार्टर बैंकसँग समन्वय गरी स्ट्याण्र्डड चार्टर बैंक नयाँ बानेश्वरमा उक्त सामाग्रीहरूको प्रर्दशनी गरिएको थियो । उक्त प्रर्दशनी र बिक्रिबाट आएको रकम हिंसा पीडित महिला तथा बालबालिकाको तत्कालिन राहत कार्यक्रम अन्तर्गत रहेकोछ ।

⇨ डिसेम्वर ६ मा सामाजिक लैगिंक विश्लेषणमा आधारित "म एक्लो छैन" शीर्षकमा एचआईभी/एड्स डकुमेन्ट्रि फिल्म प्रर्दशनी तथा अन्तर्क्रियाको आयोजना गरियो । उक्त कार्यक्रमको प्रमुख अतिथि माननीय स्वास्थ्य मन्त्री श्री अशोककुमार राई हुनु हुन्थ्यो भने अन्य वक्ताको रूपमा राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका निर्देशक तथा स्वास्थ्य विभागका प्रमुखले एचआईभीसम्बन्धी अधिकारमुखी धारणामा आफ्नो मन्तव्य राख्नु भएको थियो । यसै सर्न्दभमा "एड्स लागेकाहरूसँग होईन, एड्सविरूद्ध लडौं" नामक एचआईभी/एड्ससम्बन्धि प्रश्नोत्तरमालाको पनि विमोचन गरिएको थियो ।

⇨ डिसेम्वर ७-१० सम्म महिला हिंसाविरूद्धको सूचना, शैक्षिक तथा सञ्चार सामाग्रीहरू (IEC) को प्रर्दशनी तथा वितरण राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादीमा विभिन्न संघ-सस्थाको समन्वयमा आयोजना गरिएको थियो । यसको मुख्य उपलब्धीमा महिला हिंसाविरूद्ध जन-मानसमा जनचेतना फैलिएको र साथै सम्बन्धित निकायलाई सम्वेदनशील बनाउन सहयोग पुगेको थियो ।

⇨ १० डिसेम्वरको दिन "मानव बेचबिखन अपराध नियन्त्रण: द्विपक्षीय सम्झौता किन ?" विषयक दुई दिने राष्ट्रिय परामर्श बैठकको आयोजना हिमराईट्सँग समन्वय गरी सम्पन्न भएको थियो। उक्त राष्ट्रिय परामर्श बैठकको प्रमुख अतिथिमा माननिय महिला, बालबालिका तथा समाजकल्याण मन्त्री श्री अष्टलक्ष्मी शाक्य रहनु भएको थियो। "सार्क अभिसन्धिको सन्दर्भमा दुईपक्षीय सम्झौताको आवश्यकता किन ?" भन्ने विषयमा डा. रेणु राजभण्डारीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। दुई दिने उक्त राष्ट्रिय परामर्श बैठकमा सहभागीबीच द्विपक्षीय सम्झौताको आवश्यकता र औचित्यमाथि छलफल गरी निकालिएको निचोडलाई समेत समावेश गरी सार्क सम्मेलनमा सदस्य राष्ट्रहरूलाई द्विपक्षीय सम्झौतामा हस्ताक्षरको लागि पैरवी गर्ने कार्ययोजनाको निर्माण गरिएको थियो।

***५. स्थायी शान्तिका लागि जनसम्मेलन :*** वर्तमान हिंसात्मक द्वन्द्वले हरेक वर्ग, समूह र व्यक्तिहरूलाई बहुपक्षीय असर पारेको छ। त्यसमा पनि विशेषत: पछाडि पारिएका समूह, वर्ग, लिङ्ग र व्यक्तिहरू झनै बढी पीडित भएका छन्। कतिपय स्थानमा उनीहरू दोहोरो मारमा परेका छन्। उदाहरणका लागि हामी मुक्त कमैया एवं दलित तथा अन्य जनजातीका युवाहरूको स्थितिलाई लिन सक्छौं। शसस्त्र संघर्षका कारण विभिन्न आधारभूत मानवअधिकारहरू खोसिनुको साथै नागरिकहरूको बाँच्न पाउने अहरणीय अधिकारसमेत खोसिएको छ। जीवन सुरक्षा र बाँच्न पाउने आधार एवं अवसरको खोजीमा कतिपय व्यक्तिहरू आफ्नो गाउँबाट बाहिरिएका छन्, कतिले चाहना गरेका छन् भने कति त जबरजस्ती गाउँ निकाला गरिने सजाँय भोग्न बाध्य छन्। यस्तो अवस्थामा बाहिरिने रूप र प्रक्रिया फरक-फरक भएता पनि कारण एउटै हुन्छ, त्यो हो सुरक्षा, आत्मसम्मान एवं उचित जीविकोपार्जनको खोजी। राजनैतिक हिंसात्मक द्वन्द्वले जहिले पनि सामुदायिक विकास कार्यक्रमहरूलाई गहिरो असर पारेको हुन्छ। सामुदायिक कार्यक्रमहरू सञ्चालन गर्ने कार्यकर्ताहरू एवं कर्मचारीहरू पनि असुरक्षाको कारणबाट काममा अगाडि बढन सकिरहेका छैनन। यही प्रक्रिया अनुरूप हिंसात्मक दुष्चक्रमा परेको हाम्रो नेपालभित्र सञ्चालित विकासका कार्यक्रमहरू प्रभावित भएका छन्। यस्तो परिस्थितिमा समाचार संकलनका लागि गएका पत्रकारहरूमाथि गरिएको दुर्व्यवहार र हिंसा आदि सबैलाई विश्लेषण गरेर हेर्दा यी सम्पूर्ण पीडा र दु:ख पोख्ने कुनै थलोको आवश्यकता भएको र देशमा शान्ति स्थापनाको लागि समुदायस्तरदेखि नै पहल हुनुपर्ने, महसुस गरी महिला पुर्नस्थापना केन्द्रले ***"मानवअधिकारको रक्षा, हिंसारहित जीवन र समाजको सुरक्षा"*** भन्ने नाराका साथ विभिन्न मितिमा क्षेत्रीयस्तरमा तीन वटा र राष्ट्रियस्तरमा एउटा गरी चार वटा जनसम्मेलनहरूको आयोजना गरेको थियो।



**राष्ट्रिय शान्ति सम्मेलनपश्चात निस्केको शान्ति र्‍यालीमा सहभागी साथीहरू**

### उद्देश्य

शान्तिसम्मेलनको मुख्य उद्देश्य शान्ति वार्ताको लागि सबै जिम्मेवार पक्षलाई प्रभावकारी पहल गर्न अग्रसर गराउनु हो।

### निर्दिष्ट उद्देश्यहरू

शान्तिसम्मेलनमा नागरिक समाज तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू, सरकारी निकायका पदाधिकारीहरू, मानवअधिकारवादी, महिला अधिकारकर्मीहरू, पत्रकारहरूका साथै अधिकारका प्राप्तिका लागि आ-आफ्नो क्षेत्रबाट संघर्षरत नागरिक समाजका प्रतिनिधिहरूको एउटा साझा मञ्च तयार गरी वर्तमान हिंसात्मक द्वन्द्वको अन्त्य एवं शान्ति स्थापनाका लागि निर्दिष्ट बाटोको पहिचान गर्ने रहेको थियो ।

- ⇨ हिंसात्मक द्वन्द्वका सिलसिलामा महिला वर्गमाथि बढ्दै गएको हिंसाका कारण तथा त्यसका प्रभावका बारेमा विस्तृत छलफल गरी समाधानका उपायहरू सहितको कार्ययोजना बनाउने,
- ⇨ हिंसात्मक द्वन्द्वका कारण मानवीय विस्थापनाको प्रवृतिमा भएको वृद्धिले चेलीबेटी बेचबिखन/ओसारप्रसारको स्थितिलाई अझ चिन्ताजनक अवस्थामा पुऱ्याउन सक्ने संभावना भएकोले त्यस्तो जोखिमलाई कम गर्ने उपायहरूको खोज गरी रणनीति तयार गर्न;
- ⇨ हिंसात्मक द्वन्द्वको चक्रबाट युवा, बालबालिकाको शिक्षा र सुरक्षाको स्थितिमा पारेको नकारात्मक असरलाई न्यून गरी उनीहरूका अधिकारहरूको संरक्षण र सम्वर्द्धनका लागि राजनैतिक कार्ययोजना बनाउन;
- ⇨ हिंसात्मक द्वन्द्वको दुष्चक्रमा पिल्सिएका समूहहरू खासगरी दलित, जनजाति र मुक्त कमैयाका अधिकारहरू कुण्ठित भएको स्थितिलाई उजागर गर्दै ती अधिकारहरूको संरक्षण र सम्बर्द्धनमा केन्द्रित कार्यक्रमका लागि रणनैतिक कार्ययोजना तयार गर्न;
- ⇨ वर्तमान हिंसात्मक द्वन्दको मूल कारणमाथि युक्तिसंगत संवोधन गर्न र त्यसको निराकणका राजनैतिक उपायको पहिचान गरी द्वन्दको शान्तिपूर्ण रूपान्तरणको साझा सहमतिका उपाय निर्माण गर्न;

उक्त सम्मेलनले सशस्त्र संघर्षबाट पीडा पाएका प्रत्येक समुदायका व्यक्तिहरूलाई आफ्नो आवाज उठाउने मञ्च प्रदान गरेको थियो । जनसम्मेलनमा विभिन्न गैरसरकारी संस्था, स्थानीय सरकार, विभिन्न समूहहरू र समुदायका व्यक्तिहरूका साथै विभिन्न मन्त्रालय, राजनैतिक पार्टी, मानवअधिकारवादी संघ-संस्था, ट्रेड युनियन, सञ्चारकर्मी तथा विभिन्न आयोगका प्रतिनिधिहरू समेत गरी ३००० व्यक्तिहरूको सहभागिता रहेको जनसम्मेलनले घोषणा पत्र जारी गरेको थियो । क्षेत्रीयस्तरमा शान्ति स्थापनाको कार्यलाई अझ अघि बढाउने उद्देश्यले जन सम्मेलनमा युवा नेटवर्कको गठन पनि गरिएको थियो ।

जनसम्मेलनको मुख्य उपलब्धिमा वर्तमान राजनैतिक हिंसात्मक द्वन्द्वबाट पीडित व्यक्तिहरूले आफ्नो पीडा साटासाट गर्न एउटा मञ्च पाएका थिए भने आफ्नो घोषणामार्फत उनीहरूले शान्तिको मागलाई अगाडि सारेका थिए ।

## ३. मानव श्रोत व्यवस्थापन

महिला पुनर्स्थापना केन्द्रले आफ्नो स्थापना कालदेखि नै सामुदायिक संघ-संस्थां र समुदायका विशेष गरी महिला तथा सीमान्तीकृत वर्गका व्यक्तिहरूको क्षमता विकासका लागि विशेष महत्त्व दिदैं आएको छ । साथै यस केन्द्रमा कार्यरत कर्मचारीहरूको ज्ञान, सीप, र क्षमता विकास गर्न विषयगत रूपमा विभिन्न तालिमहरू सञ्चालन गर्दै आएको छ ।

### *उद्देश्यहरू*

यस कार्यक्रमका विशेष उद्देश्यहरू निर्म्नानुसार छन् ।



क्षमता अभिवृद्धि तालिमका सहभागी साथीहरू

१. महिला, बालबालिका तथा सीमान्तीकृत समुदायका मानवअधिकार र सामाजिक न्याय प्रणालीलाई स्थापित गर्न मानव स्रोतको विकास गर्ने ।
२. पितृसत्ताले नियन्त्रण गरेका क्षेत्रहरू (उत्पादन, प्रजनन्, यौनिकता र सामाजिक भूमिका) मा सकारात्मक परिर्वतन ल्याउन सहजीकरण गर्ने ।
३. महिला बालबालिका, युवा तथा पछाडि पारिएका समुदायहरूलाई मानवअधिकारमुखी सोचबाट मानवअधिकार, मानवबेचबिखन तथा ओसारपसार, जेण्डर, महिला स्वास्थ्य, प्रजनन स्वास्थ्य, आत्मजागरण इत्यादि विषयहरूमा धारणागत रूपमा स्पष्ट पार्न सहजीकरण गर्ने ।
४. मानवअधिकारको सम्मान र सवर्द्धन गर्न समुदायले हाँसिल गरेका ज्ञान र सीपलाई व्यवहारमा प्रयोग गर्न सहजीकरण गर्ने ।

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्नको लागि आर्थिक वर्ष २०६०/०६१ मा विभिन्न विषयमा तालिमहरू सञ्चालन गरिएका थिए । तालिमले ओगटेका विषयंगत क्षेत्रहरू निम्न अनुसार रहेका छन् ।

- ⇨ बालअधिकार
- ⇨ मानव बेचबिखन तथा ओसारपसारविरूद्ध
- ⇨ सुरक्षित स्थानागमन
- ⇨ प्रजनन स्वास्थ्य
- ⇨ महिला तथा किशोरी स्वास्थ्य
- ⇨ दिगो कृषि तथा सघन जैविक खेती प्रणाली
- ⇨ मानव बेचबिखन तथा एचआईभी/एडस्
- ⇨ सामुदायिक मध्यस्थता
- ⇨ आत्मजागरण तथा विकास शिक्षा
- ⇨ समूह सवलीकरण तथा सशक्तीकरण
- ⇨ सामुदायिक स्वास्थ्य
- ⇨ लेखा तथा समूह व्यवस्थापन
- ⇨ जेण्डर
- ⇨ साथी शिक्षा
- ⇨ संस्थागत विकास
- ⇨ सडक नाटक
- ⇨ पैरवी
- ⇨ भित्ते पत्रिका लेखन
- ⇨ मनोविमर्श

माथि उल्लेखित विषयहरूमा महिला समूह, बाल समूह, युवा समूह, कृषक समूह, स्थानीय संघ-संस्था, गैसस लगायत समुदायका सदस्यहरूलाई तालिम दिइएको थियो । यस वर्ष जम्मा ६९७४ जनाले विभिन्न विषयमा तालिम प्राप्त गरेका छन् । जसमध्ये ५५५४ जना महिला (९७.५१%) र १४२ जना पुरूषहरू (२.४९%) तालिमबाट लाभान्वित भएको छन् । (तालिका नं. ७)

***तालिका नं. ७.* आ.व.२०६०/०६१ मा तालिममा सहभागी भएका सहभागीहरूको विवरण**

| क.स | जिल्ला | महिला | पुरूष | जम्मा |
|---|---|---|---|---|
| १. | उदयपुर | १५६५ | ९४५ | २५१० |
| २. | मोरङ्ग-सुनसरी | १८५० | ३७ | १८८७ |
| ३. | धनुषा | १५७९ | १७३ | १७५२ |
| ४. | सिराहा | २४६ | १३३ | ३७९ |
| ५. | मुस्ताङ्ग | १६२ | १०२ | २६४ |
| ६. | रूपन्देही | १५२ | ३० | १८२ |
| जम्मा | | ५५५४ | १४२० | ६९७४ |

विषयगत रूपमा यस वर्षभित्र महिला पुनर्स्थापना केन्द्रले सञ्चालन गरेका तालिम तथा सहभागीहरूको विवरण तालिका नं. ८ मा प्रस्तुत गरिएको छ ।

***तालिका नं. ८.* आ.व. २०६०/०६१ मा सञ्चातिल विषयगत तालिम र सहभागी संख्या,**

| *क्र.स.* | *तालिमको विषय* | *महिला* | *पुरूष* | *जम्मा* |
|---|---|---|---|---|
| १. | बालअधिकार | १९२ | १३८ | ३३० |
| २. | मानव बेचबिखन तथा एचआईभी/एडसबारे धारणागत स्पष्टता | ४१८ | ८८ | ५०६ |
| ३. | महिला स्वास्थ्य | ५६६ | १६० | ७२६ |
| ४. | प्रजनन स्वास्थ्य | | ४३ | ४३ |
| ५. | किशोर/किशोरी स्वास्थ्य | ४६ | २५ | ७१ |
| ६. | कृषि/सघन जैविक खेती प्रणाली | ४५२ | ३०० | ७५२ |
| ७. | आत्मजागरण तथा विकास शिक्षा (३ महिने ) | २ | १९ | २१ |
| ८. | सामुदायिक मध्यस्थता | ७० | १०२ | १७२ |
| ९. | आत्मजागरण तथा विकास शिक्षा | २७७ | १६२ | ४३९ |
| १०. | समूह सवलिकरण तथा सशक्तीकरण तथा संस्थागत विकास तालिम- महिला, युवा, समूह र गाविस फेडरेसन) | १७०५ | ८० | १७८५ |
| ११. | सामुदायिक स्वास्थ्य तालिम | ५ | १३५ | १४० |
| १२. | लेखा तथा समूह व्यवस्थापन | ९५६ | | ९५६ |

| | | | | |
|---|---|---|---|---|
| १३. | जेण्डर | ३१४ | | ३१४ |
| १४. | साथी शिक्षा | २२ | | २२ |
| १५. | रणनैतिक योजना - | १०२ | ११ | ११३ |
| १६. | सडक नाटक र भित्ते पत्रिका लेखन | २४ | ३७ | ६१ |
| १७. | पैरवी | ४९ | १५ | ६४ |
| १८. | कानुन | १६३ | ३ | १६६ |
| १९. | मनोविमर्श | १४ | | १४ |
| २०. | केन्द्रका तथा अन्य गैससका कर्मचारीलाई | १०६ | २४ | १३० |
| २१. | सामुदायिक स्वास्थ्य | ५ | १३५ | १४० |
| | जम्मा | ५४८८ | १४९५ | ६९६५ |

## समस्या तथा चुनौतीहरू

- महिला पुनर्स्थापना केन्द्रले संस्थाको दिगोपनको लागि अन्य संघ-संस्थाहरूलाई विभिन्न तालिमहरू दिँदै आएको छ । त्यसैको लागि केन्द्रमा तालिम शाखा र विराटनगर, उदयपुर र धनुषामा तालिम केन्द्रको व्यवस्था गरिएको छ । यी तालिम केन्द्रहरूलाई सुदृढिकरण गर्नु आवश्यक भएको छ ।

- महिला पुनर्स्थापना केन्द्रले प्रत्येक वर्ष स्थानीयस्तरका विभिन्न समूह तथा समुदायका सदस्यहरूलाई तालिमहरू सञ्चालन गर्दै आइरहेको छ । तर तालिमहरूको अनुगमन तथा त्यसबाट परेको प्रभावहरूको बारेमा पर्याप्त अध्ययन भने हुन सकिरहेको छैन ।

## सुझावहरू

- यस कार्यक्रमलाई अझ प्रभावकारी बनाउन र संस्थाको दिगोपनलाई टेवा पुऱ्याउन तालिम शाखाले आन्तरिक तथा बाह्य संघ-संस्थालाई दिइने तालिमको स्पष्ट योजना बनाई बजार व्यवस्थापनमा विशेष जोड दिनुपर्ने देखिन्छ ।

- तालिमको प्रभावकारिता मूल्याङ्कन तथा अनुगमनको स्पष्ट योजना र सोही अनुरूप कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

- यस केन्द्रले तयार गरेका स्थानीय प्रशिक्षकहरूको परिचालन गर्ने योजना तालिम शाखा र शाखा कार्यालयको संयोजनमा बनाई साथै कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

- तालिम शाखाले वार्षिक रूपमा योजना गरिएका तालिमहरूको लागि आवश्यक सहयोग सामग्री तथा तालिम सामग्रीहरूको विकास र व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ४. सामुदायिक मध्यस्थता कार्यक्रम

समुदायमा आधारित मध्यस्थता कार्यक्रम महिला पुनर्स्थापना केन्द्रले विगत केंही वर्षदेखि सञ्चालन गर्दै आएको छ । न्यायमा पहुँच नभएका वर्गहरूलाई झन्झटिलो र खर्चिलो न्याय प्रणालीबाट मुक्त गराई सहज, सरल र निष्पक्ष न्याय दिलाउन समुदायिक मध्यस्थता कार्यक्रमले महत्त्वपूर्ण भूमिका रहेको छ । समुदायका विवादहरूलाई समुदायकै सहभागितामा समाधान गर्ने, महिला हिंसा विवादहरूमा उपचार गर्न भिन्दै निकाय तयार गर्ने, समुदायमा महिला तथा पछाडि पारिएका वर्गको लागि कानुनी उपचार मिलाउनको लागि सहयोग उपलब्ध गराउने जस्ता प्रयासहरू समुदाय तथा संस्थाबाट निरन्तर रूपमा जारी राख्ने यो कार्यक्रमको महत्त्वपूर्ण भूमिका हो । मध्यस्थता कार्यक्रमलाई परिचालन गर्ने शिलशिलामा यनो वर्षभरीमा विभिन्न कार्यक्रमहरू गरिँदै आएको छ । तालिम, गोष्ठी, बैठक, वडाभेला, अन्तरक्रिया, समन्वय बैठक, अभिमूखीकरण आदी यस कार्यक्रम गर्न सहयोग गर्ने गतिविधिहरू हुन् ।

हाल उदयपुर जिल्लामा ८६ वटा वडास्तरीय र ८ वटा गाविसस्तरीय मध्यस्थता समिति यस अनौपचारिक न्याय प्रणालीमा सक्रिय रहेका छन् । वडा तहमा सम्बन्धित वडाको महिला जनप्रतिनिधिको अध्यक्षतामा ७ सदस्यीय वडास्तरीय समिति गठन भएको छ जसको संरचना निम्न अनुसार छ ।

| | |
|---|---|
| १. वडास्तरीय महिला जनप्रतिनिधि (१) | अध्यक्ष |
| २. वडा अध्यक्ष (१) | सदस्य |
| ३. किशोरी समूहको प्रतिनिधि (१) | " |
| ४. महिला समूहको प्रतिनिधि (२) | " |
| ५. स्थानीय बुद्धिजिवि/शिक्षकबाट (२) | " |

गाविसस्तरीय मध्यस्थता समितिमा ११-१३ जनासम्मको संरचना रहेको छ । जसमा गाविस अध्यक्ष, वडा समितिका प्रतिनिधि, बुद्धिजिवी/शिक्षकहरूको सहभागिता रहेको छ ।

### *उद्देश्यहरू*

- ⇨ समुदायमा घट्ने विभिन्न घटनाहरूलाई समुदायस्तरमै समाधान गर्ने
- ⇨ समुदायका व्यक्तिहरूलाई छिटो, छरितो तथा सर्वसुलभ सामाजिक न्याय सेवा प्रदान गर्ने
- ⇨ न्याय सेवामा महिला तथा पछाडिपारिएका वर्गको पहुँच पुऱ्याउन आवाज उठाउने
- ⇨ महिला हिंसा सम्बन्धी समस्याहरूको सुनुवाई गर्ने र समाजमा महिला हिंसा रोक्न प्रयास गर्ने
- ⇨ अन्यायमा परेका व्यक्तिहरूलाई सामाजिक न्याय दिलाउने

### *गतिविधिहरू*

- ⇨ गाविसस्तरीय मध्यस्थता समितिको बैठक क्षेत्रभरि नै विभिन्न किसिमका कारणहरूले गर्दा बस्न सकेन । गाविस प्रतिनिधिहरूको पदावधि सकिएको, सदस्यहरूमध्ये कोही जीविकोपार्जनका लागि, कोही विवाह भएर र कोही अन्य विभिन्न कारणहरूले गर्दा बाहिर गएकोले बस्न सकेन । केही गाविसहरूमा सुचारूरूपले बैठक बस्ने भयो । छलफलका विषयहरू मध्ये मध्यस्थता कार्यक्रमलाई राम्रोसँग सञ्चालन गर्न तालिम जस्ता कार्यक्रमहरूको सहयोगको लागि गाविसबाट पत्राचार

गराउने, मध्यस्थता कार्यक्रमलाई गांउँ परिषदको बैठकमा राखी छलफल गराउने, वडा समितिका सदस्यहरूसँग समन्वय गर्ने, महिला हिंसासँग सम्बन्धित विवादहरू वडाबाट समाधान् हुन नसकेमा विवादको प्रकृति अनुसार तालिम वा अन्य सहयोगको वातावरण तयार गरी मिलाउने जस्ता कुराहरूमा छलफल भएको थियो ।

⇨ कानुनी उत्प्रेरकहरूको बैठक पनि सबै ठाउँमा बस्न सकेन । यसको कारण पनि उत्प्रेरकहरूको निरन्तरता नभएर हो । बैठक बसेका गाविसहरूमा विभिन्न विषयहरूमा छलफल भएको थियो । बैठकमा विवादहरूको अभिलेख राख्ने, विवाद मिलाउँदा अनुभव आदानप्रदान गर्ने, विवाद परेको बेला वडास्तरका सदस्यहरूलाई उपस्थित गराउने, कानुनी उत्प्रेरकहरूको सम्पर्क कार्यालय खोल्ने, वडा समितिको कर्लयमा बोर्ड राखिनुपर्ने, प्रहरी प्रशासनसँग समन्वय गरिनुपर्ने सम्बन्धमा छलफल भएको थियो ।



कानुनी साक्षरतासम्बन्धी २ दिने तालिमका सहभागी साथीहरू

⇨ यो वर्षभरि कानुनी परामर्श तथा उपचारमा जम्मा १६ जनालाई सहयोग भएको छ । जसमध्ये मुद्दाको प्रकृतिअनुसार मानवअधिकारको संरक्षणको लागि वडाबाट समाधान हुन नसकेका विवादहरूमा अदालतसम्म जान परामर्श दिने गरिएको छ । पीडितको चाहनाअनुसार उपचारमा सहयोग समेत गर्ने गरिएको छ ।

⇨ वडास्तरीय मध्यस्थता समितिका सदस्यहरूको माग र उनीहरूलाई सक्रिय बनाई मध्यस्थता-सीपको विकास गराउने उद्देश्यले ३- दिने पुनर्ताजगी तालिमको आयोजना गरियो । जसमा बढी मात्रामा महिला हिंसाका बारेमा जानकारी गराँउदा महिला हिंसासँग सम्बन्धित विवादहरूको सुनुवाई गर्न प्राथमिता दिने कुराको कार्ययोजना पनि बनाईएको थियो ।

⇨ गाविसस्तरीय मध्यस्थता समितिका निस्कृय सदस्यहरूलाई खारेज गरी पुनर्गठन गर्ने र समितिलाई निरन्तरता दिने र मध्यस्थताको औचित्यको बारेमा जानकारी दिने उद्देश्यले बृहत भेला को आयोजना गरिएको थियो ।

⇨ सामुदायिक मध्यस्थता कार्यक्रमलाई जिल्लास्तरमा पनि चिनाउने र समितिले गरेका कामहरूको बारेमा जानकारी दिने उद्देश्यले यो वर्ष १ पटक मात्र समन्वय बैठक बस्यो । जसमा जिल्लास्तरीय मध्यस्थता समितिका रूपमा चिनाउन त्रियुगा सामुदायिक मञ्च गठन गरियो । त्यही बैठकमा महिला पुनर्स्थापना केन्द्रद्वारा गठित समितिहरूलाई पनि मान्यता दिने र गोष्ठी गर्दा ती समितिहरूलाई पनि सहभागी गर्ने गरिएको छ ।

⇨ यो वर्षभरिमा समुदायका समितिहरूमा १०२ वटा विवादहरू दर्ता हुन आएका छन् । जसमा महिला हिंसासँग सम्बन्धित ४८ वटा, जातजातिसँग सम्बन्धित १३ वटा र अन्य विवाहरू ४९ वटा रहेका छन् ।

### *उपलब्धिहरु*

⇨ यस वर्ष २२ वटा वडास्तरीय मध्यस्थता समितिका सदस्यहरूलाई ३- दिने पुनर्ताजगी तालिम सञ्चालन गरिएको थियो, जसमा ७० जना महिला र ८५ जना पुरूष गरी जम्मा १५५ जना समिति सदस्यहरूको सहभागिता रहेको थियो ।

⇨ त्यसैगरी १७ जना कानुनी उत्प्रेरकहरूलाई ३ दिने कानुन सम्बन्धी तालिम सञ्चालन गरिएको थियो ।

⇨ आर्थिक वर्ष ०६०/०६१ को अवधिमा मध्यस्थता समितिमा ११७ वटा विवादहरू दर्ता भएका थिए, जसमा ४८ वटा मुद्दाहरू महिला हिंसासँग सम्बन्धित थिए । मध्यस्थता समितिमा आएका विवादहरूको विस्तृत विवरण तालिका नं. ९. मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९. आ.व. २०६०/०६१ मा महिला पुनर्स्थापना केन्द्र उदयपुरको मध्यस्थता समितिमा दर्ता भएका तथा समाधान गरिएका मुद्दाहरू**

| क्र.सं. | गाविस/न.पा. | घटना संख्या | | |
|---|---|---|---|---|
| | | दर्ता भएका | समाधान भएका | महिला हिंसासँग सम्बन्धित |
| १ | त्रियुगा न.पा. | ३८ | १६ | १७ |
| २ | खाँबु गाविस | ६ | ६ | ४ |
| ३ | जाल्पाचिलाउने गाविस | ८ | ७ | ४ |
| ४ | साउने गाविस | ६ | ६ | २ |
| ५ | त्रिवेणी गाविस | १२ | ११ | ४ |
| ६ | जोगिदह गाविस | ८ | ७ | १ |
| ७ | हँडिया गाविस | ७ | ६ | - |
| ८ | रौता गाविस | १२ | ९ | ६ |
| ९ | भलायडाँडा गाविस | १४ | १३ | ८ |
| | जम्मा | ११७ | ९० | ४८ |

⇨ वडास्तरीय मध्यस्थता समितिले मिलाउन नसकेका विवादहरू सामूहिक सहयोगको वातावरण तयार गरी महिलाहिंसासँग सम्बन्धित विवादहरू मिलाईएका छन् । जस्तै, त्रि.न.पा.को ४ वटा विवादहरू इलाका प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयमा जुलस सहित दवाव दिई मिलाउन सफल भएको ।

⇨ रौता, जाल्पा र त्रिवेणीको वडा तथा गाविसस्तरीय मध्यस्थता समितिको पहलमा मध्यस्थता कार्यक्रमलाई गाउँ परिषदमा राखी मान्यता दिईएको छ ।

⇨ गाविसको आयोजनामा गाविसस्तरीय मध्यस्थता समितिको बैठकको निर्णयबारे जानकारी दिन पत्राचार गर्ने जस्ता कार्यले सामुदायिक समितिका सदस्यहरू सक्रिय हुनुको साथै समुदायमा विश्वाशिलो बनेका छन् ।

⇨ भलायडाँडाको गाविसस्तरीय मध्यस्थता समिति र वडास्तरीय मध्यस्थता समितिको बीचमा समन्वय बढेको छ ।

रौता, जाल्पा र भलायडाँडाको वडामा समाधान हुन नसकेका विवादहरूमा वडास्तरीय मध्यस्थता समितिको सिफारिसमा गाविसस्तरीय मध्यस्थता समितिले वडा समितिकै सहयोगमा पीडितको हकको निम्ति दोस्रो पक्षको घरमा गएर झगडा मिलाइएको छ ।

## ५. मानव बेचबिखन/ओसारपसारविरूद्धको कार्यक्रम

वर्तमान अवस्थामा बढ्दै गएको असुरक्षा, महँगी, गरिबी, अशिक्षा, बेरोजगारी, बढ्दो हिंसा जस्ता कारणहरूले गर्दा मानव बेचबिखनको समस्या बढ्दै गएको छ । मानव बेचबिखन मानवअधिकारको उल्लंघन हो । यो एक गम्भीर सामाजिक अपराध हो । यस्तो किसिमको अपराधलाई रोक्न हामीले सशक्त भएर कदमहरू चाल्नु पर्दछ । महिला तथा बालबालिकाहरूलाई विभिन्न कारण तथा प्रलोभनमा पारेर भारत तथा अन्य देशहरूमा विभिन्न प्रयोजनको लागि बिक्री गरेको तथ्य कसैबाट लुकेको छैन । यस्ता किसिमका विसँगति तथा कुरीतिहरूलाई रोक्न हामीले ओरेकका कार्यक्षेत्रहरू भएको जिल्लामा मानव-बेचबिखन तथा ओसारपसारविरूद्ध जनचेतना जगाउने तथा त्यसको निराकरण गर्न स्थानीय बासिन्दाहरूलाई नै अग्रसर गराउने उद्देश्यले विभिन्न किसिमका कार्यक्रमहरू संचालन भएका छन् ।

*उद्देश्यहरू*

- चेलीबेटी बेचबिखनविरूद्ध स्थानीय संघ-संस्थाको सवलीकरण र रोकथामका विविध कार्यक्रमहरू सञ्चालनमा उनीहरूलाई अग्रसर गराउने ।
- बेचिएका चेलीबेटीहरूको पुनर्स्थापना र पुनर्मिलनका सेवाहरूलाई विस्तृत रूपमा सवलीकरण गर्ने ।
- सरकारी तथा गैरसरकारी संस्थाहरूको एकिंकृत रूपमा क्षमता अभिवृद्धि गर्ने ।

*गतिविधिहरू*

- कार्यक्षेत्रका विभिन्न गाविसहरूमा महिलासमूहहरू गठन गरी अग्रसर गराइएको । जसमा २१ वटा समूह गठन तथा १४ वटा समूहलाई पुर्नगठन गरिएको छ ।
- समूहहरूलाई सवलीकरण तथा समूहका सदस्यहरूलाई वा अन्य महिलाहरूलाई कुनै किसिमको समस्या आइपरेमा समूहको बैठकमा छलफल गरी समाधान गर्ने उद्देश्यले वडास्तरीय महिला, किशोर/किशोरी समूहको बैठक बसी मानव-बेचबिखन तथा ओसारपसारको बरेमा छलफल गरियो ।
- कार्यक्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूबीच मानव-बेचबिखनविरूद्धको अभियानमा साझेदारी गर्न नेटवर्कको आवश्यकता महसुस गरी गठन गरिएको नेटवर्कको महिनामा दुई पटक बैठक बस्ने गरेको छ ।



सुरक्षित स्थानागमनसम्बन्धी पैरवी तालिमका सहभागी सहभागी साथीहरू

⇨ महिला बालबालिका बेचबिखन तथा ओसारपसारविरूद्ध सीमा क्षेत्रमा काम गर्ने संस्थाहरूबीच समन्वय गर्ने, एक अर्कामा अनुभव आदान प्रदान गर्ने, एक अर्काको काममा आवश्यक सहयोग गर्ने उद्देश्य लिई बैठक बस्ने गरेको छ। बैठकमा विभिन्न गैरसरकारी संस्थाहरू, पत्रकारहरू तथा प्रहरी प्रशासनको पनि उपस्थिति रहेको थियो।

⇨ महिला पुनर्स्थापना केन्द्रले सञ्चालन गरेका विभिन्न कार्यक्रमहरूलाई प्रभावकारी ढंगले अगाडि बढाउने क्रममा शिक्षक तथा विद्यार्थीहरूको समेत अहम् भूमिका हुन्छ भन्ने कुराको ठहर गर्दै विभिन्न गाविसका मा.वि. तथा नि.मा.वि.हरूमा शिक्षक-विद्यार्थी समिति गठन गरिएको छ। जसमा दुई विद्यालयका ३१ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो।

⇨ कार्यक्षेत्रमा गठित जिल्ला कार्यदलको बैठक सम्पन्न भयो। सो बैठकमा १३ वटा गाविसका ३८ जना कार्यदलका प्रतिनिधि, महिला पुनर्स्थापना केन्द्र तथा महिला विकास शाखा बीचमा छलफल भएको थियो।

⇨ मानव-बेचबिखन विरूद्धको आयोजनामा कार्यक्षेत्रका सबै गाविसहरूमा १- दिने गोष्ठीहरूको आयोजना गरियो। मिति २०६०/३/२७ मा मोरङ्ग जिल्लामा महिला तथा बालबालिकामा द्वन्द्वले पारेको असर विषयक एक दिने गोष्ठीको आयोजना गरियो। जसमा २७ जना सहभागीहरूको सहभागिता रहेको थियो। त्यसैगरी मानव बेचबिखन/ओसारपसार तथा यौन-शोषण विरूद्धमा जानकारी दिने र गाविसमा रहेका विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूबीचको समन्वयलाई अझ सवल बनाउने र आफ्ना अनुभवहरू आदान प्रदान गर्ने उद्देश्यले जम्मा ३१४ जनाको सहभागितामा १ दिने गाविसस्तरीय गोष्ठीहरू गरियो।

⇨ मंसिर २५ र २६ गते महिलामाथि हुने हिंसाले महिलाको स्वास्थ्यमा पारेको असर विषयक २ दिने गोष्ठी विराटनगरमा सम्पन्न गरियो। उक्त गोष्ठीमा कार्यक्षेत्रका ४२ वटै गाविसका महिला फेडेरेसनका १/१ जना प्रतिनिधिहरू र अन्य सहभागीहरू गरी जम्मा १०० जनाको सहभागिता रहेको थियो। उक्त गोष्ठीको अन्तमा सहभागीहरूले कार्यायोजना बनाई ५ बुँदे घोषणा-पत्र समेत जारी गरेका थिए।

⇨ २०६० साल माघ २८ र २९ गते धरान नगपालिकाको सभा हलमा धरान नगरपालिका र म.पु.के को संयुक्त आयोजनामा सुरक्षित स्थानागमन विषयक २- दिने कार्यशाला गोष्ठीको आयोजना गरियो। जसमा नगरपालिकाका पदाधिकारी, कर्मचारी, विभिन्न संघ-संस्थाका प्रतिनिधि, म्यानपावर कम्पनि तथा विभिन्न व्यावसायिक संघका सदस्यहरू गरी जम्मा ३२ जनाको सहभागिता रहेको थियो।

⇨ महिला पुनर्स्थापना केन्द्रले विद्यमान स्थितिमा द्वन्द्व, विस्थापन र असुरक्षित स्थानागमनले निम्त्याको संकटलाई कसरी समाधान गर्न सकिन्छ भन्ने विषयलाई विश्लेषण गर्दै द्वन्द्व, विस्थापन र स्थानागमन-शान्ति र विकासकालागि चुनौतिहरू विषयक २- दिने पूर्वाञ्चलस्तरीय जनसम्मेलन कार्तिक २५ र २६ गते सम्पन्न गऱ्यो। उक्त सम्मेलनको अन्तिम दिन ९ बुँदे घोषणापत्र जारी गर्दै जनसम्मेलनको समापन गरिएको थियो।

⇨ मानव बेचबिखन/ओसारपसार र यौन-शोषणविरूद्ध किशोर/किशोरीहरूलाई सचेत गराई उनीहरू स्वयं कसैको ललाई फकाईमा नपरून र अर्को महत्वपूर्ण पक्ष आफ्ना साथीहरूलाई आफूले जानेको कुराको बारेमा सचेत बनाउन सकुन् भन्ने उद्देश्यले विद्यालय शिक्षा सञ्चालन गरिएको छ। जसमा ३६ वटा विद्यलायका २५५७ जना विद्यार्थीहरूलाई ५२ पटक विद्यालय शिक्षा सत्र सञ्चालन गरिएको थियो । बैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई जोखिमबाट जोगाउन भुक्याएर वा फकाएर विदेश लैजान लागिएका बालबालिका तथा किशोरीहरूलाई फर्काउन सहयोग गर्न आवश्यकताअनुसार पुनर्स्थापना र पुनर्मिलनको लागि सहयोग गर्ने उद्देश्यले २ वर्ष अगाडि स्थापना गरिएको विराटनगर, जोगवनी सीमा सूचना केन्द्रबाट निरन्तर रूपमा कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । सूचमा केन्द्रको बारेमा जानकारी दिन ४००० थान हाते पर्चा पनि वितरण गर्नुका साथै जिल्ला प्रशासन कार्यालय अगाडि होर्डिङ्गबोर्ड समेत राख्ने कार्य गरिएको छ । यस सूचना केन्द्रबाट यस वर्ष जम्मा ६३ महिला र १०५ जना पुरूषहरूलाई जानकारी दिईएको थियो ।

⇨ गाविसस्तरीय महिला फेडेरेसनले आफ्ना समुदांयमा घट्ने विभिन्न प्रकारका मुद्दाहरू आफ्नै पहल समुदायमा मिलाउन सकिने मुद्दाहरू मिलाउने तथा मिलाउन नमिल्ने मुद्दाहरू सम्बन्धित निकायसम्म पुऱ्याउन सहयोग गर्ने गरेको छ । महिला फेडेरेशनमा विशेषगरी बहुविवाह, घरेलु हिंसा, नामसारी, जन्म दर्ता, बाल विवाह गरी जम्मा ८ वटा केशहरू आएका थिए ।

*उपलब्धिहरू*

⇨ गाउँघरमा हुने सामान्य घरेलु हिंसा, वादविवाद तथा भैं-भगडाहरूलाई गाउँस्तरमा नै फेडेरेसनले समाधान गर्न सफल भएको र समाधान गर्न नसकिएका समस्याको लागि सम्बन्धित निकायसम्म पुऱ्याउन सक्षम भएको छ । त्यसैगरी आफ्नो गाविसमा मात्र नभई अरू गाविसमा समेत गएर पनि यस्ता मुद्दाहरू मिलाउने गरेको छ ।

⇨ समूह तथा समितिले स्थानीयस्तरमा घटेका घटनालाई मध्यस्थता गर्नको लागि सम्बन्धित निकायसँग समन्वय गरी समुदायस्तरमा विभिन्न चेतनामूलक काम सञ्चालन गर्न थालेको छ ।

⇨ जिल्ला कार्यदल आफै क्रियाशील भई काम गर्न थालेको छ ।

*"जुन समाजमा महिला अधिकारको सम्मान गरिन्छ त्यो समाजमा मानवअधिकारको उल्लंघन हुने सम्भावना कम हुन्छ ।"*

*"गाँस, बास, कपास, शिक्षा, सञ्चार र स्वास्थ्य सेवा भनेको मानवको लागि अति आवश्यक कुरा हो । यी कुराहरूको रोकथाम गर्नु भनेको मानवअधिकारको उल्लंघन गर्नु हो ।"*

## ६. समुदायमा आधारित बालविकास कार्यक्रम

हाम्रो जस्तो विकासोन्मूख देशमा बालबालिकाहरूले विभिन्न किसिमका समस्याहरू तथा अप्ठ्याराहरू भोग्नु परेको छ । ग्रामीण क्षेत्रमा कमजोर आर्थिक स्थितिका कारणले बालबालिकाहरू पढ्न/लेख्नबाट बञ्चित भएका छन् । पढ्ने लेख्ने उमेरमा उनीहरू कामका बोझहरू उठाउन बाध्य हुनु परेको छ । अर्कोतिर साना नानीहरू भएका महिलाहरूले गुजाराका लागि काम गर्नु पर्ने बाध्यता बीच उनीहरूको हेरचाह गर्न सकिरहेका छैनन् । यिनै कुराहरूलाई आत्मसात गर्दै महिला पुनर्स्थापना केन्द्रले विगत ५ वर्षदेखि समुदायमा आधारित प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरेको छ । यस कार्यक्रम अन्तर्गत उदयपुर जिल्लाका विभिन्न गाविस तथा नगरपालिकामा २० वटा बालविकास केन्द्रहरू सञ्चालन गर्दै आएको छ । यी २० वटा केन्द्रहरूमा ६ वर्ष मुनिका ८९० जना बालबालिकाहरू छन् । जस मध्ये ४३३ जना बालक र ४५७ जना बालिकाहरू रहेका छन् । बालबालिकाहरू समाजका अभिन्न अङ्ग र भावी नेताहरू हुन् । उनीहरूको विकासबाट नै समाजमा सकारात्मक परिवर्तन सम्भव हुन्छ । उनीहरूले जे सिकेका, जानेका वा देखेका छन् त्यही कुरालाई व्यवहारमा उतार्ने गर्दछन् । त्यसकारण उनीहरूलाई सामाजिक परिवर्तनमा अभिन्न अङ्गको रूपमा लिइन्छ । नेपाली समाजमा छोरा र छोरीमा गरिने भेदभाव र जातजातिमा गरिने विभेदपूर्ण व्यवहारको अन्त्यको लागि उनीहरूलाई सानैदेखि स्पष्ट पार्ने उद्देश्यले ८ वर्ष माथिका र १५ वर्षभन्दा मुनिका बालबालिकाहरूको बाल समूह गठन गरी बाल अधिकार कार्यक्रमहरू पनि सञ्चालन गरिँदै आएको छ ।



अनौपचारिक कक्षामा अध्ययनरत बालबालिकाहरू

### उद्देश्यहरू

- ⇨ प्रभावकारी बालविकास केन्द्रलाई प्रभावकारी ढंगले व्यवस्थापन गर्नको लागि स्थानीय समुदायिक संस्था, कार्यक्रम कर्मचारीहरू र बालविकास केन्द्र व्यवस्थापन समितिको क्षमता विकास गर्न सहयोग गर्ने
- ⇨ बालबालिकाहरूको, विशेषगरी दलित तथा सीमान्तीकृत समुदायका बालबालिकाहरूको स्कुल भर्ना संख्यामा बृद्धिका साथै स्कुल जान छोड्ने बालबालिकाको संख्या घटाउन सहयोग पुऱ्याउने
- ⇨ कार्यक्षेत्र भित्रका बालबालिकाहरूको स्वास्थ्य स्थितिमा सुधार ल्याउने
- ⇨ बालविकास कार्यक्रमको दिगोपनको लागि स्थानीय स्रोत साधन परिचालनमा बृद्धि गर्ने

### गतिविधिहरू

- ⇨ २० वटा केन्द्रका शिक्षक, सहयोगी र सुपरभाईजर गरी ३४ जनालाई सामाग्री निर्माण, सीप विकास र केन्द्रमा शैक्षिक सामाग्री उपलब्ध गराउने पुनर्ताजगी तालिम सञ्चालन गरियो । यसमा ९ प्रकारको २०० नमूना सामाग्री तयार गरिएको थियो । सो तालिम महिला पुनर्स्थापना केन्द्र जिल्ला कार्यालय राजावासमा २०६० भदौ १२ देखि १८ गतेसम्म सञ्चालन गरिएको थियो । तालिममा २० केन्द्रका शिक्षक, सहयोगी र सुपरभाईजर गरी ३४ जनाको सक्रिय सहभागिता रहेको थियो । सो तालिममा गत वर्षको केन्द्रको शैक्षिक सामाग्री प्रयोगबाट के सिकाई भयो भन्ने विषयमा छलफल गरी नौलो किसिमको शैक्षिक सामाग्री र मनोरञ्जनात्मक सामाग्री निर्माण गर्ने निर्णयमा पुगिएको थियो ।


- ⇨ बालविकास केन्द्रलाई दिगो र निरन्तर रूपमा समुदाय र स्थानीय निकायबाट सञ्चालन गर्न कसरी सकिन्छ भन्ने उद्देश्यले दिगो विकास १ दिने गोष्ठी सञ्चालन गरियो । उक्त गोष्ठीमा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूलाई सहभागी गराउने लक्ष्य थियो । सोही अनुसार ११ जना पुरूष र ३ जना महिला गरेर १४ जनाको सहभागिता रहेको थियो । यस गोष्ठीमा मुख्य गरेर दिगो र निरन्तरता यसको आवश्यकता हो भन्ने कुरालाई केन्द्रित गरिएको थियो ।
- ⇨ बालविकास केन्द्रको टिमलाई कार्यक्रम सञ्चालनमा सघाउ पुऱ्याउने उद्देश्यले बालविकास कार्यक्रमसँग सम्बन्धित गतिविधिलाईसँगालेर ६/६ महिनामा अभिमुखीकरण कार्यक्रम गरिन्छ । सो कार्यक्रममा बालविकास केन्द्रमा सञ्चालन गरिरहेको गतिविधिलाई पुनरावलोकन तथा समिक्षा गर्दै आगामी कार्य के गर्दा प्रभावकारी गर्न सकिन्छ भन्ने विषयमा छलफल गरिन्छ । नयाँ शैक्षिक सामाग्री उत्पादन गरी कासरी बालबालिकाको बाल मनोविज्ञान विकास गर्न सकिन्छ त्यस्ता सामाग्री उत्पादन अभिमुखीकरण गर्ने गरिएको छ । जसमा २० जना शिक्षक र २० जना शिक्षिका गरी ४० जनाको सहभागिता रहेकोछ ।
- ⇨ बालविकास केन्द्रलाई दिगो र व्यवस्थित रूपमा सञ्चालन गर्न केन्द्र व्यवस्थापन समिति गठन गरी १४५ जना सदस्यहरूसँग मासिक बैठक तथा सामुदायिक बैठक बस्ने गरेको छ । बालविकास केन्द्रलाई दिगो र बनाउनको लागि विभिन्न गतिविधिहरू सञ्चालन भईरहेका छन् । व्यवस्थापन समितिको मासिक बैठकमा विशेष गरी स्वास्थ्यलाई ध्यानमा राखी छलफल गर्ने गरिन्छ ।
- ⇨ बाल विकास केन्द्रको विभिन्न उद्देश्यहरूमध्ये केन्द्रमा ६ वर्ष पूरा भएका र केन्द्रमा बस्ने उमेर अवधि सकिएका २० वटा केन्द्रबाट २११ जना बालबालिकालाई प्राथमिक विद्यालयमा भर्ना गराइएको छ ।
- ⇨ बाल विकास केन्द्रका शिक्षक र सहयोगीको अनुभव आदानप्रदान र क्षमता अभिवृद्धि गराउने उद्देश्यले अन्तर केन्द्र अवलोकन भ्रमण कार्य पनि गरिएको थियो ।
- ⇨ बाल समूह गठन गर्ने क्रममा यस वर्ष ४ वटा नयाँ समूह उदयपुरको बेल्टारमा गठन गरी परिचालन गरिएको छ ।
- ⇨ नयाँ बालसमूहलाई समूह व्यवस्थापन १ दिने अभिमुखीकरण दिइएको छ ।
- ⇨ उदयपुर जिल्लाको कार्यक्षेत्रका विभिन्न स्थानमा ५६ जना बालक र ७७ जना बालिकाहरू गरी जम्मा १५६ जना बालबालिकाहरूलाई बालअधिकार तालिम दिइएको छ ।
- ⇨ बालबालिकाहरूको लेखनशैलीको विकास गर्ने र लैङ्गिक विभेदबारेमा धारणागत स्पष्टता गराउने उद्देश्यले निबन्ध प्रतियोगिता कार्यक्रम सञ्चालन गरियो । त्यसमा १०९ जना बालक र ९९ जना बालिका गरी २०८ जनाको सक्रिय सहभागिता रहेको थियो ।
- ⇨ बाहिरिएका र श्रमिक बालबालिकाहरूको अभिलेख राख्ने क्रममा के कति उमेरका बालबालिकाहरू गाउँबाट कहाँबाट, कस्तो काममा, कसको साथमा, जोखिमपूर्ण श्रममा गएका हुन् कि होइनन् भन्ने विषयमा पैरवी गर्नको लागि यो गतिविधि गरिएको हो ।
- ⇨ स्कुलमा अध्ययनरत बालबालिकाहरूलाई उनीहरूको आधारभूत अधिकारको बारेमा जानकारी गराउने उद्देश्यले निमाविहरूमा १ घण्टे बालअधिकार कक्षा सञ्चालन गरिँदै आएकोछ ।
- ⇨ बालबालिकालाई मानव बेचबिखनविरूद्ध जानकारी गराउने उद्देश्यले ४० वटा समूहबाट २४४ जना बालबालिकाहरूलाई अभिमुखीकरण गरिएको थियो ।
- ⇨ बालबालिकाहरूको विवरण संकलन गरी उनीहरूले कति समय र कस्तो किसिमको श्रम गर्नुपर्दछ भन्ने जानकारी राख्नको लागि उदयपुरको रौता र गाईघाटमा होटलमा काम गर्ने बालबालिकाहरूको स्थिति विश्लेषण गर्ने गरिएको छ ।

- ⇨ समूहमा आवद्ध भएका र कुल जान घरको आर्थिक अवस्था कमजोर भएका ४ जना बालबालिकालाई कुल जानको लागि आवश्यक पर्ने कापी, किताब, फि र डट्पेन जस्ता कुराहरू उपलब्ध गराई सहयोग गर्न थालिएको छ । यस वर्ष २ जना बालक र २ जना बालिकालाई उक्त सहयोग प्रदान गरिएको छ ।
- ⇨ बाल समूहले बनाएको कार्ययोजनाको आधारमा गाविस तथा नगरपालिका दुबै क्षेत्रमा बाल समूहको अगुवाईमा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन ।
- ⇨ लैंगिक तथा जातीय विभेद अभिमुखीकरण
- ⇨ म.पु.के उदयपुरले हुरेण्डेकसँग समन्वय गरेर विद्यालय नगएका र पढाईबाट बंचित भएका ३ जना बालबालिकाहरूको लागि बाहिरी बाल केन्द्रित शिक्षा सञ्चालन गरेको थियो ।
- ⇨ सामुदायिक संघ-संस्थासँग साझेदारी रूपमा मिलेर काम गर्ने मान्यता अनुसार यसवर्ष १५ वटा केन्द्रमा सामुदायिक संघ-संस्थाहरू मार्फत कार्यक्रम सञ्चालन गरिएको छ ।

*तालिका नं. १०.* सामुदायिक संघ-संस्थामार्फत सञ्चालित बाल विकास केन्द्रहरू

| क्र.स | सामुदायिक संघ-संस्थाको नाम | ठेगाना | संख्या | सहभागी संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| १. | सिर्जनशील महिला समूह | त्रि.न.पा. १६ | ६ | ९६ | १२० | २१६ |
| २. | रौता सामुदायिक हित केन्द्र | रौता ९ | ४ | ७७ | ८२ | १५९ |
| ३. | चेतना महिला समूह | जोगिदह ६ | ३ | ५९ | ५८ | १७७ |
| ४. | चेतनशील महिला समूह | त्रिवेणी ६ | २ | ३४ | ३१ | ६५ |
| जम्मा | | | १५ | २६६ | २९१ | ५५७ |


- बालबालिकालाई कुपोषणबाट बचाई बृद्धि, विकासमा सघाउ पुऱ्याउन लागि घुम्ती पोषण र स्वास्थ्य क्लिनिक सञ्चालन गरिएको छ । यस कार्यक्रम पश्चात ७० प्रतिशत अभिभावकहरूले घरमा नै पोषणयुक्त खाना बनाएर खुवाउन थालेका छन् । यस एक वर्षको अवधिमा ७८९ जना बालबालिकाले यस कार्यक्रमबाट फाईदा पाएका छन् ।
- बालविकास केन्द्रका बालबालिकाहरूलाई जुका मुक्त राख्न परीक्षण गर्ने गरिएको छ । दिशा परिक्षण गर्दा जुकाको निम्न प्रकारहरू देखिएको छ । जसमा १५८ बालक र १७७ बालिका गरी जम्मा ३३५ जनामा यो समस्या भेटियो ।




**चार्ट नं. १.** दिसा परीक्षण गर्दा भेटिएका जुकाका प्रकारहरू

*उपलब्धिहरु*

- ⇨ बालसमूहहरूको आयोजनामा २० वटा सडक नाटक प्रदर्शन गरियो । जसमा २३०० जनाको सहभागिता रहेको थियो ।
- ⇨ बाल समूहको अगुवाईमा चेतनामूलक कार्यक्रम अन्तर्गत ९२ वटा कार्यक्रमहरू सञ्चालन भएको । सो कार्यक्रम समूह आफैले सञ्चालन गरेको थियो ।
- ⇨ बालबालिकाहरू संगठित भई विभिन्न सामाजिक कार्यहरू जस्तै, सरसफाई, साँस्कृतिक कार्यक्रम, बालबालिकालाई केन्द्रमा पठाउन सहयोग गर्ने गरेको ।
- ⇨ लैंङ्गिक तथा जातीय विभेदविरूद्ध हरेक समूहका सदस्यहरू सचेत र ८०% लाई त्यस विषयमा ज्ञान रहेको पाईयो ।
- ⇨ समूहको मासिक बैठकमा सुपरभाईजरहरू पुग्न नसकेतापनि उनीहरू आफैले नियमित रूपमा बैठक बस्ने गरेको ।
- ⇨ यस वर्ष १३ वटा भित्ते पत्रिका प्रकाशन गरेको जसमा आठ अंकसम्म निरन्तर प्रकाशन भएको ।
- ⇨ समूहले गर्ने कार्यक्रम गाविसस्तरीय समूहले आयोजना गर्ने गरेको ।
- ⇨ शहरी बाल शिक्षाबाट ७ जना स्कुल गए । जसमा ४ बालक र ३ जना बालिका छन् ।
- ⇨ यस वर्षको अवधिमा २० वटा बालविकास केन्द्रबाट जम्मा २११ जना बालबालिकाहरू स्कुल भर्ना भएका थिए । यस कार्यक्रम सञ्चालन भए पश्चात हालसम्म ६३२ जना (उदयपुर जिल्लामा मात्र) (२९१ बालक र ३४१ बालिका) स्कुल भर्ना भइसकेका छन् । जसको विस्तृत विवरण तालिका नं. ७ मा प्रस्तुत गरिएको छ ।




*चार्ट नं. २.* जातको आधारमा बालबालिकाहरूको विवरण

- ⇨ विगत ६ वर्षको अवधिमा बालविकास केन्द्रबाट स्कुल भर्ना भएका ६३२ जना बालबालिकाहरूको कक्षागत प्रगति विवरण तल तालिका नं. ११ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११. कक्षागत रूपमा बालबालिकाको विवरण**

| कक्षा | बालक प्रतिशत | बालिका प्रतिशत | जम्मा |
|---|---|---|---|
| एक | ७२ | ६३ | १४० |
| दुई | ९१ | ९६ | १८८ |
| तीन | ५३ | ६५ | ११८ |
| चार | ४५ | ५३ | ९८ |
| पाँच | १५ | ३८ | ५३ |
| छ | १४ | १७ | ३१ |
| सात | २ | ४ | ६ |
| जम्मा | २९१ (४६%) | ३४१(५४%) | ६३२ (१००%) |

बालविकास केन्द्रबाट औपचारिक स्कुलमा भर्ना भएका बालबालिकाहरू हाल सातौं कक्षासम्म पुगिसकेका छन् । स्थानीय शिक्षककहरूको मुल्याङ्कनमा बालविकास केन्द्रबाट स्कुल भर्ना भएका बालबालिकाहरूको आचरण, सरसफाई, साथीभाईलाई माया र आदर गर्ने बानीका साथै पढाईमा राम्रो लगनशीलता पाइएको छ । यो अति महत्त्वपूर्ण उपलब्धि हो ।

हालसम्म स्कुल भर्ना भएका बालबालिकाहरूको जातिगत रूपमा अध्ययन गर्दा विगतको वर्षहरूमा भन्दा यस वर्ष दलित तथा सीमान्तीकृत समुदायका बालबालिकाहरूको स्कुल भर्ना प्रतिशतमा बृद्धि भएको छ । यसले बालविकास कार्यक्रमबाट पछाडि पारिएका समुदायमा बालिकाको शिक्षामा, चेतना विकासका साथै व्यवहार परिवर्तनमा सहयोग पुगेको देखिन्छ । विस्तृत विवरण तल तालिका नं. १२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२. शैक्षिक वर्ष ०५९/०६० सम्म र २०६०/०६१ मा विद्यालय भर्ना भएका बालिकाहरूको जातिगत तथ्याङ्क प्रतिशतमा**

| क्र.स | जात | शैक्षिक वर्ष ०५९/०६०सम्म | शैक्षिक वर्ष ०६०/०६१ |
|---|---|---|---|
| १. | मगर/राई /तामाङ्ग | ४२.२ | ४५.३ |
| २. | चौधरी/दनुवार | १६.३ | २९.२ |
| ३. | ब्राहमण/क्षेत्री | ३०.७ | १३.२ |
| ४. | वि.क. /परियार | ११.२ | १३.२ |
| ५. | मुसहर | ६.० | ९.४ |
| ६. | अन्य | २.१ | ५.७ |
| | जम्मा | ३४१ (१००%) | १०६ (१००%) |

हालसम्म स्कुल भर्ना भएका बलाबालिकाहरूको अनुगमन गर्दा ८४ प्रतिशत बालबालिकाहरू नियमित रूपमा विद्यालय जाने गरेको ७ प्रतिशत बालबालिकाले विद्यालय जान छाडेको र ९ प्रतिशत बालबालिकाले कक्षा दोहोऱ्याएको पाइयो ।

⇨ विभिन्न गाविसमा भएका केन्द्रहरूबाट विद्यालय गएका बालबालिकाहरूमा बालक १०५ जना बालिका १०६ जना गरी जम्मा २११ जना छन् ।

⇨ विद्यालय गएका मध्ये नियमित ८३.८५%, दोहोऱ्याएका ९.४०% र बिचमा छोडेका ६.७३% बालबालिकाहरू छन् ।

⇨ २० वटा बालविकास केन्द्रमा बालक ४३३ र बालिका ४५७ जना गरी जम्मा ८९० जना बालबालिकाहरू छन् ।

⇨ महिला समूहबाट मासिक रूपमा रकम उठाएर केन्द्रमा जम्मा गर्न थालिएको छ ।

*तालिका नं. १३.* बालविकास केन्द्रमा भएका बालबालिकाहरूको विवरण

| सि.नं. | केन्द्रको नाम | ठेगाना | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|
| १. | बैरेनी बाल विकास केन्द्र | त्रियुगा नगरपालिका १५ | २१ | ३३ | ५४ |
| २. | मथानेटोल बाल विकास केन्द्र | त्रियुगा नगरपालिका १६ | २० | २७ | ४६ |
| ३. | चकलघाट बाल विकास केन्द्र | त्रियुगा नगरपालिका १२ | १५ | २४ | ३९ |
| ४. | कौवाई बाल विकास केन्द्र | त्रियुगा नगरपालिका १२ | २१ | १७ | ३८ |
| ५. | गैरून बाल विकास केन्द्र | त्रियुगा नगरपालिका १७ | १९ | २७ | ४६ |
| ६. | ध्वाँसे बाल विकास केन्द्र | भलायडाँडा ९ | ३० | २५ | ५५ |
| ७. | उत्राईटोल बाल विकास केन्द्र | त्रियुगा नगरपालिका १४ | २८ | ३२ | ६० |
| ८. | नरेटार बाल विकास केन्द्र | भलायडाँडा १ | २७ | २२ | ४९ |
| ९. | कोल्वोटे बाल विकास केन्द्र | रौता ९ | २३ | २० | ४३ |
| १०. | राजावास बाल विकास केन्द | रौता ९ राजावास | २५ | १७ | ४२ |
| ११. | पुवाँरे बाल विकास केन्द्र | रौता ५, पुवाँरे | २४ | २७ | ५१ |
| १२. | डुम्रीथुम्का बाल विकास केन्द्र | रौता ५, पुवाँरे | १७ | २८ | ४५ |
| १३. | घात्लाङ्ग बाल विकास केन्द्र | साउने ३ | २१ | २३ | ४४ |
| १४. | जाँते बाल विकास केन्द्र | जाल्पा १ | १८ | १८ | ३६ |
| १५. | गिन्जाटार बाल विकास केन्द्र | खाँबु २ | १० | १८ | २८ |
| १६. | गराँस बाल विकास केन्द्र | त्रिवेणी ६ | १५ | १७ | ३२ |
| १७. | कल्याणपुर बाल विकास केन्द्र | त्रिबेणी ८ | २३ | १७ | ४० |
| १८. | रूपनी बाल विकास केन्द्र | जोगिदह १ | २८ | १८ | ४६ |
| १९. | पूर्वटोल बाल विकास केन्द्र | जोगिदह ६ | २६ | २५ | ५१ |
| २०. | हँडिया बाल विकास केन्द्र | भिमा २ | २२ | २२ | ४४ |
| | जम्मा | | ४३३ | ४५७ | ८९० |

## ७. युवा सशक्तीकरण कार्यक्रम

महिला पुनर्स्थापना केन्द्रले आफ्नो कार्यक्षेत्रहरूमा युवा समूहहरूको गठन गर्न सघाउ पुऱ्याई उनीहरूलाई सशक्तिकरण गर्दै आइरहेको छ । यस कार्यक्रम अन्तर्गत युवाहरूको सशक्तीकरण तथा क्षमता अभिवृद्धिका साथै आय आर्जनका विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ । युवा समूहहरूले आफ्नै सक्रियतामा समाजमा विद्यमान विविध विकृति र विसंगतिविरूद्ध विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आइरहेका छन् । त्यसमा पनि विशेष गरी मानवबेचबिखन, असुरक्षित स्थानागमन र महिला हिंसाविरूद्ध जनचेतनामूलक गतिविधिहरू सक्रिय रूपमा सञ्चालन गरिएका छन् । आर्थिक वर्ष ०६०/०६१ मा महिला पुनर्स्थापना केन्द्र र युवा समूहहरू मिलेर निम्न कार्यहरू सम्पन्न गरिएका छन् ।

*उद्देश्य*

- ⇨ युवाहरूमा क्षमता र नेतृत्व विकास गराएर महिला तथा बालबालिकामाथि हुने हिंसाविरूद्ध लड्न र आवाज उठाउन सक्षम गराउनु ।
- ⇨ युवाहरूको आवश्यकता र अधिकारहरू बारे स्थानीय सरकारलाई संवेदनशील बनाउने ।
- ⇨ युवाहरूमा सीप प्रदान गर्ने र आवश्यक सहयोग गरेर हिंसाविरूद्ध समुदायमा लड्न र उनीहरूको अधिकारको रक्षा गर्ने ।
- ⇨ स्थानीय सरकारलाई महिला तथा बालबालिकामाथि हुने हिंसाविरूद्ध संवेदनशील बनाउने ।
- ⇨ युवा किशोर र किशोरीहरूको सहयोगमा समुदायमा महिला तथा बालबालिकामाथि हुने हिंसाविरूद्ध चेतना जगाउने ।

*गतिविधिहरू*

- ⇨ यस वर्ष पाँचवटा युवा समूहहरू गठन गरिएका छन् । जसमा जम्मा ६६ जना सदस्यहरू छन् ।
- ⇨ युवाहरूले गाउँघरमा विद्यमान सामाजिक विकृतिहरूलाई कम गराउने र चेतना जगाउने उद्देश्यले आफ्नो कार्यक्षेत्रहरूमा कला समूहहरू निर्माण गरेका छन् ।
- ⇨ यस केन्द्रको कार्यक्षेत्रहरूमा ४३३ वटा वडास्तरीय समूहहरूको मासिक बैठक निरन्तर रूपमा बस्दै आएको छ । यस्ता बैठकहरूमा मानवबेचबिखन तथा ओसारपसार, यौन शोषण, महिलाहिंसा, मनोविमर्श, वचत परिचालन, लैङ्गिक विभेद जस्ता विषयहरूमा छलफल हुने गरेको छ ।



मनोविमर्श केन्द्रमा अध्ययन गर्दै किशोर/किशोरीहरू

⇨ कार्यक्षेत्रमा रहेका युवा फेडेरेसनहरूको बैठक द्वैमासिक र मासिक रूपमा बस्दै आएको छ । यस्ता बैठकहरूमा फेडेरेसनलाई संस्थागत रूपमा चिनाई स्थानीय निकाय र अन्य संस्थाको सहयोग लिन के गर्ने भन्ने बारेमा छलफल गर्नुका साथै समुदायमा घटेका विभिन्न किसिमका घटनाहरू बारेमा छलफल गरिन्छ ।

⇨ समूहमा रहेका तर आर्थिक रूपले विपन्न र पढ्न चासो राख्ने १० जना किशोर/ किशोरीहरूलाई संस्थाबाट किताब, कापी र पोशाकको लागि सहयोग गरिएका थिए ।

⇨ कार्यक्षेत्रमा रहेका समूहले गरेका गतिविधिहरू प्रस्तुत गर्नुको साथै आगामी दिनमा गरिने क्रियाकलापहरूको बारेमा जानकारी दिने उद्देश्यले उदयपुर र मोरङ्ग-सुनसरीका ५४ वटा समूहले पारिवारिक भेलाको आयोजना गरेको थियो ।

⇨ वडास्तरीय समूहलाई सवलीकरण तथा सशक्तीकरणको बारेमा जानकारी दिने र उनीहरूलाई आफ्नो समूह कुन स्तरमा छ र कस्तो स्थितिमा पुऱ्याउनु छ भन्ने बारेमा छलफल गराउने उद्देश्यले घुम्ती गोष्ठी सञ्चालन गरिएको थियो । घुम्ती गोष्ठीहरूमा आत्म जागरण, नेतृत्व विकास, मनोविमर्श आदीको बारेमा छलफल गरिएको थियो । ती घुम्ती गोष्ठीहरू प्रथम, द्वितीय, तृतीय र चौथो चरणसम्म गरी जम्मा ५०९ जनाको उपस्थितिमा गरिएको थियो ।

⇨ आफ्नो कार्यक्षेत्रमा रहेका विभिन्न युवा समूहहरूलाई विभिन्न विषयहरूमा राम्रो ज्ञान हासिल होस् र कुनै पनि कार्यक्रमहरू गर्न अप्ठ्यारो नहोस् भन्नको लागि विभिन्न विषयहरूमा तालिम सञ्चालन गरियो । पैरवी तालिम, नेतृत्व विकास तथा संस्थागत विकास तालिम, साथी शिक्षा तालिम, भित्ते पत्रिका प्रकाशन तालिम, सघन जैविक खेती प्रणाली तालिम, खाम, फाईल, थुँगा बनाउने तालिम, विकास शिक्षा तालिम, मनोविमर्श तालिम, सडक नाटक तालिम, मानवबेचबिखन र एचआईभी/एड्सविरूद्ध तालिम दिइयो । जसमा ३५९ जना सहभागीहरूको सहभागिता रहेको थियो ।

*उपलब्धिहरू*

⇨ समूहको दिगोपनको लागि समूहहरू आफैले स्थानीय निकायमा पहल गर्न थालेको ।

⇨ आफूले सिकेका कुरा र पाएका सूचनाहरू आफूमा मात्र सीमित नराखी समूहलाई भेला गराई सूचना प्रवाह गर्न सक्षम भएको ।

⇨ युवा समूहहरूले आफ्नो कार्ययोजनामा चेतनामूलक, महिला हिंसा, महिला स्वास्थ्य, मानव बेचबिखनविरूद्धका कार्यक्रमहरू बढी राख्न थालेका ।

⇨ भित्ते पत्रिकाहरू नियमित रूपमा प्रकाशन भइरहेका र त्यसमा गाउँघरका समाचार लेखिनुको साथै चोकचोकमा राखिने हुँदा पत्रिका तथा सञ्चारको अभाव पूर्ति भएको ।

## ८. सीमान्तीकृत समुदायको सशक्तीकरण कार्यक्रम

हाम्रो सामाजिक संरचनाले कामको आधारमा जातको सिर्जना गरिएको छ । जातिको सिर्जनासँगसँगै सामाजिक मूल प्रवाहमा आउन नसकेका समुदाय वा पक्षहरूलाई सिमान्तीकरण गरिने प्रकृया शुरू भयो । अन्तत्वगत्वा यस्ता प्रकृयाले छुत र अछुतसम्मको पराकाष्टाको रूप लियो । एक पक्षले सामाजिक र राजनैतिक संरचनाको संरक्षण पाउन थाल्यो भने अर्को पक्षले तिरस्कारको शिकार हुनु पर्‍यो । यसै विभेदले प्राकृतिक स्रोत साधनमाथिको कब्जा र नियन्त्रण पनि राजनैतिक संरचनाबाट संरक्षण प्राप्त गरेका पक्षहरूले नै गर्दै गए । यसर्थ अछुत भनिएका जातहरू प्राकृतिक स्रोत साधनविहीन हुँदै गए । यो विभाजन आदिवासी तथा रैथाने बस्तीहरू स्पष्ट देखिन्छ ।

उदयपुर जिल्लाको विकाससँगसँगै यहाँका केही जाति र वर्गहरू राजनैतिक र सामाजिक मूलप्रवाहबाट पाखा पारिएका छन् । विशेष गरेर अछुत भन्ने गरिएका जातिहरूलाई दलित भन्ने शब्द प्रयोग गरी सम्बोधन गर्ने गरिएको छ । त्यो शब्द आफैमा आत्मसम्मानजनक छ कि छैन त्यो तर्फ हामी गएका छैनौं । तर सिमान्तीकरण प्रकृयाले ती जातिहरूलाई स्रोत र साधनविहीन बनाएको छ । त्यसैले त्यसलाई सामाजिक न्याय़को परिधिभित्र कसरी सम्बोधन गर्ने भन्ने बारेमा महिला पुनर्स्थापना केन्द्रले विचार विमर्श र कार्यक्रमहरू सञ्चालन गर्ने प्रयास गर्दै आइरहेको छ ।



जातिय विभेद उन्मूलन दिवस मनाउँदै सीमान्तीकृत समुदायका महिलाहरू

### उद्देश्यहरू

- ⇨ समुदायलाई सशक्त बनाई सामाजिक-आर्थिक समस्या समाधान गर्नको लागि अग्रसर गराउने ।
- ⇨ सामाजिक-आर्थिक रूपान्तरणको लागि समुदायमा नेतृत्व क्षमताको विकास गरी उत्प्रेरक तथा प्रभावकारी व्यक्तित्व तयार पार्ने ।
- ⇨ महिलाका मानवअधिकार सम्बन्धी मुद्दाहरूमा, सीमान्तीकृत समुदायका अधिकार र उनीहरूमाथि भएका भेदभाव र हिंसाविरूद्धमा तथा न्यूनसंख्यक आदिवासी जनजातिका सवालमा नीतिगत पैरवी गर्ने ।
- ⇨ महिला र बालबालिकाका अधिकारको क्षेत्रमा समुदायलाई सुसूचित गरी बुझाईको स्तर बढाउने
- ⇨ साना कृषि फर्मको दिगो व्यवस्थापन र आयमूलक सीप र अवसरको विस्तार गरी आर्थिकस्तरमा सुधार गर्ने ।
- ⇨ उत्पादनमूलक प्राकृतिक स्रोतमाथि सीमान्तीकृत समुदायको पहुँच बढाई जीविकोपार्जनमा सुधार ल्याउन समुचित व्यवस्थापन गर्ने ।

### गतिविधिहरू

- ⇨ सदा तथा दलितहरूलाई लक्षित गरी आत्म-जागरण तथा सामाजिक परिचालनका क्रियाकलापहरूलाई दिगो र प्रभावकारी रूपमा सञ्चालन गर्न सकियोस् भन्ने हेतुले उदयपुर र सिराहाका २३ जनालाई ३ महिने तालिम दिइएको छ ।

- कार्यक्रम सञ्चालित क्षेत्रमा आ.व. २०६०/०६१ मा १६६ जनालाई आवद्ध गराई २४ वटा नयाँ समूहहरूको निर्माण भएको छ ।
- सीमान्तीकृत समुदायमा गठित समूहहरूमा मानवअधिकार जस्तै, घरेलु हिंसा, लिङ्गको आधारमा गरिने भेदभाव, नागरिकता, समान कामको समान ज्याला आदिका बारेमा छलफल गरियो ।
- उदयपुरको त्रियुगा नगरपालिकाको वडा नं. ३ र १४ मा सदा समुदायको जग्गा जमिन, शिक्षा, नागरिकता, जन्म दर्ता र कामको खोजीमा बाहिरिने अवस्थाका बारेमा साधारण सूचनाहरू संकलन गर्ने कार्य गरियो ।
- त्रियुगा नगरपालिकाभित्र सदा समुदायको यथास्थिति अध्ययन गर्नको लागि सूचना संकलनद्वारा जग्गा, जमिन, शिक्षा, नागरिकता र कामको खोजीमा बाहिरिने अवस्था बारेमा सूचना संकलन गरेर राख्न थालिएको छ ।
- उदयपुर शाखाको कार्यक्षेत्र अन्तरगत पर्ने ९ वटा गाविसहरूमा र एउटा नगरपालिका क्षेत्रका सीमान्तीकृत समुदायहरूको वास्तविक स्थिति पत्ता लगाई उक्त स्थितिको विश्लेषणको आधारमा त्यस समुदायसँग कस्तो खालको कार्यक्रमहरू साझेदारी रूपमा लान सकिन्छ भन्ने हेतुले सहभागिमूलक ग्रामीण लेखाजोखा सम्पन्न गरियो । सर्वेक्षण गरिएको क्षेत्र, समुदाय र जनसंख्यात्मक विवरण तालिका २० मा प्रस्तुत गरिएको छ ।

***तालिका नं. १४. सर्वेक्षण गरिएका क्षेत्र तथा जानकारीहरू संख्यात्मक विवरण***

| क्र.सं. | क्षेत्र/स्थान | वडा नं. | समुदाय | घरधुरी | जम्मा जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा |
| १. | जाल्पा शाही खोला | ४ | वि.क. परियार | १० | ३१ | ३८ | ५९ |
| २. | जाल्पा श्रीवानी | ५ | वि.क. | १० | २८ | ३० | ५८ |
| ३. | रौता डहर | ५ | सार्की | १३ | ३८ | ४७ | ८५ |
| ४. | रौता राजावास | ९ | विश्वकर्मा | २७ | ६४ | ६६ | १३० |
| ५. | त्रिवेणी गराँस | ६ | वि.क. परियार | १८ | ४२ | ५४ | ९६ |
| ६. | त्रिवेणी कल्याणपुर | ८ | सदा, माझि | १८ | ४५ | ४७ | ९२ |
| ७. | बेल्टार चारघरे | ७ | सदा | २४ | ५१ | ६२ | ११३ |
| ८. | सुन्दरपुर सिवाई | २ | सदा | २१ | ५५ | ६२ | ११७ |
| ९. | हँडिया डुङ्गाटनेल | ५ | सदा | १२ | २८ | ३३ | ७१ |
| १०. | जोगिदह पल्लो : कुलटोल | २ | सदा | ३३ | ६९ | ८७ | १५६ |
| ११. | जोगीदह मुसहरटोल | ५ | सदा | २६ | ५५ | ६२ | ११७ |
| १२. | न.पा.-पुरानो गाईघाट | ३ | सदा | २५ | ६० | ५९ | ११९ |
| १३. | न.पा.- खैजनपुर | ६ | सदा | २३ | ५६ | ६६ | १२२ |
| १४. | न.पा.- बगाहा | ७ | सदा | १९ | ५५ | ५३ | १०८ |
| १५. | न.पा.- भलुवाई | ९ | सदा | २८ | ६० | ८२ | १४२ |
| १६. | न.पा.- श्रीपुर | ९ | सदा | १४ | ३८ | ४० | ७८ |
| १७. | न.पा.- जलजले | ११ | सदा | २४ | ५४ | ५४ | १०८ |
| १८. | न.पा.- भण्टावारी | १३ | सदा | १० | १८ | ३० | ४८ |
| १९. | न.पा.- गैरून | १७ | सदा | ४६ | १२० | १४६ | २६६ |
| २०. | बगाह लाईनटोल | ८ | परियार | १९ | ७१ | ६१ | १३२ |

*उपलब्धिहरू*

⇨ संस्थालाई समुदाय र अन्य संस्थाबीच स्थापित गरिएको छ । जसले गर्दा विभिन्न सवालहरूमा संस्थाको अग्रणी भूमिका रहेको छ । साथै महिला तथा दलितका सवालमा काम गर्ने संस्थाहरू, सीमान्तीकृत समुदाय तथा स्थानीय निकास ओरेंकको कार्यक्रम र काम गर्ने प्रकृया प्रति सकारात्मक भएका छन् ।

⇨ सेवा र परनिर्भमुखी सोच भएका समुदायमा अधिकारमुखी सोचबाट ६५ वटा समूह गठन गरी परिचालन भइरहेको छ ।

⇨ नागरिक अधिकारको प्रत्याभूति नभएको समुदायमा नागरिक हक, अधिकार र आवश्यकताको बोध गराई सिराहामा ८०५ वटा व्यक्तिगत घटना दर्ता गरिएको र उदयपुरमा नागरिकतामा ११५, जन्मदर्तामा १०४, विद्यालयमा विद्यार्थी भर्नामा पहल संख्या १४६ र विवाह दर्तामा ३० जनाको भएको छ ।

⇨ समूहमा बसेका महिलाहरू आफ्नो र समूहको नाम तथा ठेगाना भन्न नजान्ने थिए तर हाल विना हिच्किचाहट नाम र ठेगाना भन्न सक्ने भएका छन् ।

⇨ भत्ता तथा अन्य आर्थिक प्रलोभन बिना पनि अशिक्षा र गरिबीको चरम अवस्थामा रहेका समुदायलाई अधिकारमुखी सोचको आधारमा ऱ्याली, छलफल, तालिममा आर्कषित गर्न सकेको ।

⇨ आफ्ना समस्या र आवश्यकताको बारेमा समूहमा छलफल गर्ने गरी सम्बन्धित निकायसम्म लिएर जान थालेका छन् ।

⇨ समुदायलाई सशक्तीकरण गरी स्थानीय निकायसँग समन्वय गरी घटना दर्ता शुल्क अधिकतम रू. ५०।- सम्म लिने गरेकोमा हाल रू.९।- कायम गरिएको छ । जसले गर्दा जन्म दर्ता संख्या बढिरहेकोछ ।

⇨ सिमान्तीकृत समुदायका शिक्षा विमुख ११३ जना बालबालिकाहरूलाई स्कुल भर्ना गर्न सफल भएको ।

> *"चेलीबेटी बेचबिखन महिलाविरुद्धको अपराध तथा महिला मानवअधिकारको हनन् हो । यसलाई सबै मिली अन्त्य गरौं । देशको राष्ट्रियताको सम्मान गरौं ।"*

## ९. दिगो जीविकोपार्जनका लागि श्रोत व्यवस्थापन

नेपाल कृषि प्रधान देश हो । अझै पनि नेपाली किसानहरू प्ररम्परागत कृषि प्रणाली र आकासे खेतीमा भर परेको पाईन्छ । उनीहरू अझैपनि अन्धविश्वासमा रूमल्लिरहेका छन् ।

यहाँको भौगालिक स्थिति, हावापानी, वनस्पतिको विविधताले कृषि विकासको प्रचुर सम्भावनालाई देखाउँछ । नेपालीको जीवनस्तर उकास्न कृषिलाई उत्पादनशील र दिगो बनाउनु आवश्यक छ । यिनै कुराहरूलाई विश्लेषण गरेर महिला पुनर्स्थापना केन्द्रले कृषि प्रविधिबाट वातावरण, मानव स्वास्थ्य र माटोको उर्वरा शक्तिमा प्रतिकूल असर पर्न नदिई लक्षित गाविसका नेपाली किसानहरूको जीविकोपार्जनलाई सहज र दिगो पार्ने उद्देश्यले सघन जैविक खेती प्रणालीलाई प्रवर्द्धन गर्दै आएको छ । यस कार्यक्रमलाई उदयपुरका १० वटा कार्यक्षेत्रमा लागू गरिएको छ ।

*विशेषताहरू*

- ⇨ यो वातावरणीय मित्रवत अवधारणा हो । यसले माटोको उर्वरा शक्तिलाई बृद्धि गर्छ ।
- ⇨ यो मानिस र गाई बस्तुको स्वास्थ्यसँग सरोकार राख्ने प्रविधि हो ।
- ⇨ यो कृषक समुदायको स्थानीय संघ-संस्था वा समूहलाई सशक्तीकरण र परिचालन गर्ने अवधारणामा आधारित पद्धती हो ।
- ⇨ यो स्थानीय स्वदेशी प्रविधि, स्रोत, साधन र लाखौं बर्षको इतिहाँस भएको अनुभवमा आधारित मिश्रित प्रांगारिकखेती प्रणाली हो । यसले विश्व खाद्य प्रणालीमा बहुराष्ट्रिय निगमहरू र कम्पनिहरूको एकाधिपत्यको विरूद्धमा तथा साना किसानहरूको पक्षमा वकालात गर्दछ ।
- ⇨ यस प्रणालीको कृषि समुदायको लैङ्गिक, जातिय तथा आर्थिक विविधतालाई समान आदर गर्दै स्थानयि स्रोतहरूमा समान पहुँचको पक्षमा वंकालत गर्छ ।

## क. सबैको लागि स्वास्थ्य

अशिक्षा, गरिबी, जनचेतनाको कमी र भौगोलिक विकटताले गर्दा मानिसहरूले सर्वसुलभ र सही तरिकाले स्वास्थ्य सेवा पाउन सकेका छैनन् । सरकारले वर्षेनी स्वास्थ्य योजना तर्जुमा गरेता पनि चिकित्सकहरू शहरी क्षेत्रमा मात्र केन्द्रित भएकाले ग्रामीण समुदायहरू उपयुक्त स्वास्थ्य सेवाबाट बञ्चित भइरहेका छन् । दिनानुदिन बाल तथा मातृ मृत्युदर बढ्दै गएको छ । महिला स्वास्थ्यको विषय सरकारको नीति र योजनामा पर्न सकेको छैन । यिनै कुराहरूलाई मध्यनजर गर्दै महिला पुनर्स्थापना केन्द्रले स्वास्थ्य सेवालाई ग्रामीण जनसमुदायका विपन्न वर्गसम्म पुऱ्याई सर्वसुलभ, छिटो र सही तरिकाले गुणस्तरीय सेवा दिने, स्थानीय स्रोत साधनहरूको संरक्षण र सम्बर्द्धन गरी तिनलाई बढीभन्दा बढी प्रयोगमा ल्याउने, साथै स्वाथ्य सेवालाई अधिकारको रूपमा स्थापित गर्ने कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । स्थानीय संघ-संस्थाहरूमार्फत उक्त कार्यक्रमलाई दिगो रूपमा सञ्चालन गरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उपचारात्मक तथा पुनर्स्थापनात्मक सेवाहरू उपलब्ध गराउँदै जाने प्रयास गरिरहेकोछ ।

*उद्देश्यहरू*

- ⇨ समुदायलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाहरू उपलब्ध गराउने ।

⇨ सामुदायिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवा, दिगो र अधिकारमुखी सोचबाट अगाडि लैजान सञ्चालन प्रकृयामा जनसहभागीता बढाउँदै पछि समुदायलाई नै हस्तान्तरण गर्ने ।

⇨ जनस्वास्थ्यलाई समुदायको हित अनुकूल उपयोग गर्ने वातावरण तयार गर्न अधिकार तथा कर्तव्य उन्मुख चेतना अभिवृद्धि गर्ने ।

⇨ समुदायलाई स्वास्थ्य सेवा प्रकृया तत्कालीन तथा दिर्घकालीन रूपमा सस्तो र सुलभ तरिकाले सञ्चालन गर्ने ।

## ♣ सामुदायिक स्वास्थ्य कार्यक्रम

⇨ समुदायका मानिसहरूलाई सर्वसुलभ, छिटोछरितो र सही तरिकाले उपचार सेवा दिनको लागि राजावास स्थित सामुदायिक स्वास्थ्य क्लिनिकलाई साधारण स्वास्थ्य जाँच तथा उपचार सेवा निरन्तर रूपमा उपलब्ध गराँउदै आइरहेको छ । गत एक वर्षमा २४९५ जना महिला र १६९८ जना पुरूष गरी जम्मा ४१९३ जनाले सेवा पाएका छन् । क्लिनिकमा दर्ता भएका रोगहरू र राजावास स्थित सामुदायिक स्वास्थ्य क्लिनिकबाट आएका बिरामीहरूको संख्या तालिका नं. १५ मा दिइएको छ ।



मानव बेचबिखन/ओसारपसार तथा यौन शोषणविरुद्ध TOT मा भाग लिएका सहभागीहरूका साथ केन्द्रका अध्यक्ष

*तालिका नं. १५.* स्वास्थ्य संस्थामा जचाँउन आएका रोगीको विवरण

| क्र.स. | रोगको नाम | जम्मा | क्र.स. | रोगको नाम | जम्मा |
|---|---|---|---|---|---|
| १. | रक्त संचार सम्बन्धी | १४ | १४. | कमलपित्त | १५४ |
| २. | अमलपित्त/पेट दुख्ने | ४२२ | १५. | प्रजनन् स्वास्थ्य | ७१ |
| ३. | झाडापखाला | ५३ | १६. | यौन प्रसारित रोग | १७ |
| ४. | श्वासप्रश्वास सम्बन्धी | १६५ | १७. | ARI | ४७१ |
| ५. | छालाका रोगहरू | ३४९ | १८. | यू.टि.आई. | ६९ |
| ६. | एनेमिया | ६३ | १९. | Pyrexia of unknown origin | ७२ |
| ७. | आखाँ समस्याहरू | ३५ | २०. | ब्रोनकाईटिस | १३१ |
| ८. | कान समस्याहरू | ११३ | २१. | अत्याधिक रक्तचाप | ५० |
| ९. | ज्वरो | १६ | २२. | दाँत रोग | २१२ |
| १०. | घाउ/पोलेको/किराले टोकेको | ६८ | २३. | बाथ | १२१ |
| ११. | घाँटि सम्बन्धी समस्याहरू | ९३ | २४. | रक्तश्राव | २५ |
| १२. | जुका | १४९ | २५. | मानसिक रोग | ३१ |
| १३. | टि.बी. | १३ | २६. | अन्य | ११७१ |

⇨ **सुरक्षित मातृत्व :** आमा बच्चा तथा परिवारको स्वास्थ्यलाई ध्यान दिई विभिन्न किसिमका जटिल समस्याहरू, संक्रामक रोगहरू (सरूवा रोगहरूबाट) बचाई अकालमा हुने मातृमृत्यूदर र शिशुमृत्यूदरलाई न्यूनीकरण गरी स्वास्थ्य प्रवर्द्धन गर्न केन्द्रले जिल्ला जन स्वास्थ्य कार्यालयमा र जिल्ला जनस्वास्थ्यसँग समन्वय गरी विभिन्न क्रियाकलापहरू सञ्चालन गरी समुदायलाई सेवा दिँदै आएको छ । यी सेवाहरू निम्नानुसार छन् :

☞ गर्भवती जाँच सेवा

- ☞ सुत्केरी जाँच
- ☞ सुत्केरी पछिको सेवा
- ☞ अस्थायी परिवार नियोजन
- ☞ डिपो, कण्डम र पिल्स
- ☞ खोप सेवा (राजावास र कालीखोला)

⇨ **घुम्ती क्लिनिकबाट सेवा** : महिला स्वास्थ्य स्रोत तथा परामर्श केन्द्रमा उपचार गराउन आएका (प्रजनन् स्वास्थ्य समस्या) जटिल समस्या भएका विरामीहरूलाई प्रत्येक महिनामा १ पटक घुम्ती क्लिनिकबाट जाँच, परामर्श तथा स्वास्थ्य शिक्षाहरू दिँदै आएको छ। घुम्ती स्वास्थ्य क्लिनिकमा प्रदान गरिने सेवाहरू निम्न प्रकारका छन् :

- ☞ प्रजनन् स्वास्थ्य
- ☞ परिवार नियोजन
- ☞ सुरक्षित मातृत्व
- ☞ सामान्य उपचार
- ☞ स्वास्थ्य शिक्षा

⇨ **डट्स सेवा** : सामुदायिक स्वास्थ्य क्लिनिकबाट दिईने सेवाहरूमा डट्स सेवा पनि प्रमूख सेवा हो। महिला पुनर्स्थापना केन्द्रले जिल्ला जनस्वास्थ्यसंग समन्वय गरेर क्षयरोग रोगलाई फैलन नदिन र यसबाट हुने मृत्युदर कम गर्नको लागि क्लिनिकबाट निरन्तर रूपमा स्वास्थ्य कार्यकर्ताको प्रत्यक्ष निगरानीमा औषधि खुवाउँदै आईरहेको छ।

⇨ **ल्याव सेवा** : महिला पुनर्स्थापना केन्द्रले समुदायका बिरामीहरूलाई सर्वसुलभ, छिटोछरितो र सही तरिकाले रोगको निदान गर्न सजिलो पार्ने उद्देश्यले प्याथलोजी ल्याव सेवा प्रदान गर्दै आएको छ। यस एक वर्षको अवधिमा १३७ जना पुरूष र १६० जना महिला गरी जम्मा २९७ जना बिरामीहरूले ल्यावबाट सेवा पाउनु भएको छ। यस ल्याव सेवा अन्तर्गत पिसाब जाँच, दिशा जाँच, रगत परीक्षण, गर्भवती तथा सुत्केरी जाँच गरिन्छ।

⇨ **धामी झाँक्री** : कार्यक्षेत्रका गाविसहरूमा धामी झाँक्रिहरूसँग नियमित रूपमा,बैठक बस्दै आएको छ। बैठकमा सबैले आफूले गरेका कुराहरूबारे अनुभव आदानप्रदान गर्ने, स्वास्थ्य सम्वन्धी विषयहरूमा छलफल गर्ने गरिएको छ।

⇨ सामुदायिक औषधि व्यवस्थापन समितिलाई २ दिने स्वास्थ्य व्यवस्थापन गोष्ठी संचालन।

⇨ विद्यालय शिक्षा कार्यक्रमं लाई निरन्तरता दिईयों।

⇨ युवा समूहलाई एच.आई.भी. एड्स सम्बन्धी १ दिने अभिमुखीकरण दिईयो।

⇨ महिला समूहलाई सरूवा रोग सम्बन्धी अभिमुखीकरण दिईयो।

*सदा समुदायमा घुम्ती स्वास्थ्य शिविर*

⇨ समुदायका मानिसहरूको बानी व्यहोरामा परिवर्तन गरी दाँतको समस्यालाई समयमै उपचार तथा रोकथाम गर्ने उद्देश्यले कार्यक्षेत्रका रौता, बेल्टार र हँडियामा एक दिने दन्त शिविर एक वर्षको अवधिमा ३ वटा सम्पन्न गरियो। जसमा ६७ जना पुरूष तथा बालक र १३७ जना महिला तथा बालिका गरी जम्मा २०४ जनाले सेवा पाएका थिए।

⇨ **रिफरल सेवा** : सामुदायिक स्वाथ्य क्लिनिकमा स्वास्थ्य जाँचको क्रममा विभिन्न किसिमको जटिल समस्याहरूलिई सेवा लिन आएका हुन्छन्। त्यस किसिमको समस्याहरूलाई सही निकायमा सही तरिकाले सेवा प्राप्त गरून भन्ने हेतुले सामुदायिक स्वास्थ्य क्लिनिकले विभिन्न संघ-संस्था तथा

अस्पतालहरूसँग समन्वय गरी बिरामीहरूलाई सम्बन्धित निकायमा पठाउने गरेको छ। एक वर्षको अवधीमा महिला २० र पुरूष ३१ जना गरी जम्मा ५१ जनालाई रिफरल सेवा प्रदान गरिएको छ।

⇨ DHO, HP र SHP सँग समन्वय गरिएको छ।

⇨ सामुदायिक औषधि व्यवस्थापन समितिको बैठक नियमित बस्ने गरेको छ।

***तालिका नं. १६.*** क्लिनिकबाट सेवा पाइरहेकाहरूको विवरण

| क.सं. | गतिविधिहरू | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | सामान्य जाँच | १७२५ | २१७१ | ३८९६ |
| २. | सुरक्षित मातृत्व | ५२६ | ११६२ | १६८८ |
| ३. | ए.एन.सीं | - | २७५ | २७५ |
| ४. | पि.एन.सी. | - | १५३ | १५३ |
| ५. | डेलिभरी | - | ७ | ७ |
| ६. | खोप | ४३६ | ४०७ | ८४३ |
| | क) बि.सि.जी. | ९४ | ६५ | १५९ |
| | ख) डि.पि.टी पहिलो | ८५ | ८८ | १७३ |
| | ग) डि.पि.टी दोस्रो | ८१ | ८८ | १६९ |
| | घ) डि.पि.टी तेस्रो | ८६ | ८७ | १७३ |
| | ङ) पोलियो पहिलो | ८५ | ८८ | १७३ |
| | च) पोलियो दोस्रो | ८१ | ८८ | १६९ |
| | छ) पोलियो तेस्रो | ८६ | ८७ | १७३ |
| | ज) दादुरा | ९० | ७९ | १६६ |
| ७. | परिवार नियोजन | ७८ | ४७२ | ५५० |
| | क) डिपोप्रोभेरा | - | ८३ | ८३ |
| | ख) पिल्स | - | ३८९ | ३८९ |
| | ग) कण्डम | ७८ | - | ७८ |
| ८. | स्वास्थ्य शिक्षा | ४०५ | ४३० | ८३५ |
| ९. | ल्याव सेवा | १२४ | १५७ | २८१ |
| | क) पिसाब जाँच | ६ | १ | ७ |
| | ख) दिसा जाँच | ९२ | ९५ | १८७ |
| | ग) रगत जाँच | ५ | ६ | ११ |
| | घ) गर्भवती जाँच | - | ३६ | ३६ |
| | ङ) स्पुटम जाँच | ३७ | ३८ | ७५ |
| १०. | डट्स सेवा | ५ | ३ | ८ |
| ११. | आउटरिच क्लिनिक | ११ | ९२६ | ९३७ |
| १२. | धामी/झाँक्री मिटिङ्ग र तालिम | १३१ | ८ | १३९ |
| १३. | घुम्ती स्वास्थ्य सेवा | ३१४ | ८९० | १२०४ |
| १४. | रेफरल सेवा | ३१ | २० | ५१ |
| १५. | स्कुल स्वास्थ्य कार्यक्रम | ३३ | ४९ | ८२ |
| | जम्मा | ४७२५ | ८४४८ | १३१७३ |

*उपलब्धिहरु*

- सामुदायिक स्वास्थ्य क्लिनिकमा सुलभ, सरल र गुणस्तरीय सेवा दिएकोले सेवा लिनेको संख्या बढ्नुको साथै टाढाटाढाबाट आउने बिरामीको संख्यामा बृद्धि भएको छ।
- समुदायले धामी झाँक्रीहरूलाई तालिम दिए पश्चात उनीहरूले घर वरिपरिको वातावरण सफा राखी चर्पी निर्माण गर्नुको साथै जडीबुटी खेती गर्न थालेका छन्। साथै उनीहरू आफैले समूह गठन गरी कोष जम्मा जरी कोषको रकमले निम्नस्तरका विरामीहरूको उपचार गर्न थालेका छन्।
- सुत्केरी र गर्भवती सेवा ४३५ जनालाई प्रदान गरिए पश्चात गर्भवती समयमा महिलाहरू खतराको चिन्हबाट मुक्त भएका छन्।
- सामुदायिक स्वास्थ्य क्लिनिकबाट ३५ वटा महिला समूहलाई स्वास्थ्य तथा वातावरण अभिमुखीकरण गरिसकेपछि उनीहरूले हालसम्म १०० वटा चर्पी निर्माण गरी प्रयोगमा ल्याउन थालेका छन्।
- सीमान्तीकृत समुदायले स्वास्थ्यको महत्त्व बुझी आफै स्वास्थ्य जाँच गर्न आउन थालेका छन्।
- खोप सेवाबाट ८४३ जनालाई सेवा प्रदान गरी विभिन्न किसिमको सरूवा रोगको रोकथाम भएको छ।
- सामुदायिक क्लिनिकमा नयाँ सेवा विस्तार गरी ३०४ जनालाई दन्त सेवा प्रदान गरिनुको साथै समुदायका सदस्यहरूमा सकारात्मक प्रभाव परी व्यवहारमा परिवर्तन आएको छ।
- रेफरल सेवाबाट ५१ जनालाई सम्बन्धित निंकाय वा अस्पतालमा पठाई अकाल मृत्यु हुनबाट बचाएको छ।
- घुम्ती क्लिनिकबाट ९३७ जना महिलाहरूले सेवा प्राप्त गरेका छन्।

## ♣ महिला स्वास्थ्य कार्यक्रम

धैरैजसो विकासोन्मुख देशहरूमा जस्तै नेपालमा पनि बहुसंख्यक नेपाली महिलाहरूको स्वास्थ्य स्थिति निकै कमजोर छ। यसका साथै समाजमा व्याप्त विभेद, अशिक्षा, गरिबी, पितृसत्तात्मक संचनामा आधारित मूल्य, मांन्यता र रूढीवादी सामाजिक परम्पराले गर्दा महिलाहरूमाथि विविध हिंसा हुनुका साथै कतिपय ठाउँहरूमा स्वास्थ्य सेवा केन्द्रहरू भएता पनि उनीहरूबाट त्यसको उपयोग हुन सकेको छैन। त्यसैगरी समाजमा व्याप्त अन्धविश्वास तथा रूढीवादी परम्पराले गर्दा महिलाको स्वास्थ्यमा प्रत्यक्ष असर पुऱ्याइरहेको छ। त्यसमा पनि महिलाहरूले आफूमा भएको रोग लाज तथा डरको कारणले गर्दा लुकाएर राख्ने गरेको पाईन्छ। हाम्रो समाजमा महिलामाथि गरिने व्यवहारहरूलाई मुल्याङ्कन गर्ने हो भने उनीहरूलाई एकदमै तल्लोस्तरमा राखेको पाइन्छ। यसले गर्दा महिलाहरूको स्वास्थ्यमा निकै नकारात्मक असर पर्न गएको छ। उनीहरूलाई आफ्नो स्वास्थ्य सम्बन्धी ज्ञान नभएकोले आफ्नै गाउँघरमा पाईने जडीबुटीको समेत प्रयोग गर्न सकेका छैनन्। यिनै कुराहरूलाई ध्यानमा राखेर महिला पुनर्स्थापना केन्द्रले उदयपुर र मुस्ताङ्ग जिल्लाका केही गाविसहरूमा महिला स्वास्थ्य कार्यक्रम सञ्चालन गर्दै आएको छ।

*उद्देश्यहरु*

⇨ स्वास्थ्यलाई अधिकारको रूपमा स्थापित गराई महिलाहरूलाई सशक्त बनाउने ।

⇨ आफ्नो स्वास्थ्य समस्या पत्ता लगाई स्वयंबाट नै समाधान गर्न अग्रसर गराउने ।

⇨ महिला भएकै कारणले हुने विभिन्न हिंसाहरूको पहिचान गरी त्यसको विरूद्धमा आवाज उठाई सम्बन्धित निकाय समक्ष दवाव सिर्जना गर्ने ।

⇨ महिला स्वास्थ्य कार्यक्रमलाई दिगो रूपले स्थापित गराउन सम्बन्धित निकायहरूसँग समन्वय गरी सञ्चालन गर्ने ।

⇨ स्थानीय स्रोत साधनहरूको पहिचान गरी प्रयोगमा ल्याउने र संरक्षण गर्ने ।

⇨ महिलाहरूको साधारण शारीरिक स्वास्थ्य समस्याहरूको समाधानको वैकल्पिक उपचारका रूपमा स्थानीय जडीबुटीको प्रयोग गर्ने ।




ग्रा.स्वा.का. र मासिकालाई जेण्डर र एचआईभी/एड्ससम्बन्धी ३ दिने धारणागंत तालिमका सहभागी साथीहरू

*गतिविधिहरु*

⇨ महिला स्वास्थ्य श्रोत तथा परामर्श केन्द्र सञ्चालन जारी रहेको ।

⇨ महिला स्वास्थ्य परांमर्श केन्द्र वा जडीबुटीबाट सुधार हुन नसकेका महिलाहरूलाई रिफरल सेवा प्रदान गरेको । रिफरल गरिएका समस्याहरूलाई चार्ट नं. ३ मा प्रस्तुत गरिएको छ । यसमा सबभन्दा बढी सेतो पानी पाने र गभएवती सेवा रहेको छ।




**चार्ट नं.३.** रिफरल गरिएका समस्याहरू

महिला स्वास्थ्य स्रोत तथा परामर्श केन्द्रमा आएका बिरामीहरूको अभिलेखिकरण, परामर्श विवरण र अनुगमनलाई निरन्तरता दिईएको । अनुगमन गरिएका विरामीहरूको संस्खा र स्थितिबारे पूर्ण विवरण तालिका नं. १६ मा दिईएको छ । श्रोत केन्द्रमा आएका बिरामीहरूलाई उमेरगत रूपमा विभाजन गरी तालिका नं. १७ मा प्रस्तुत गरिएको छ । यसमा सबैभन्दा बढी २०-३६ बर्ष उमेर समूहका महिलाहरू रहेका छन् ।

*तालिका नं. १७.* परामर्श केन्द्रमा समस्या लिई आएका विरामीहरूको अनुगमन गरिएका केशहरू

| स्थान | अनुगमन गरिएको जम्मा संख्या | क्युरेड केशहरु | सुधार भएका केशहरु | विस्तारै सुधार भएका केशहरु | उपचारबाट छुटेका केशहरु |
|---|---|---|---|---|---|
| झिल्बालकेल | ७६ | २९ | २८ | १८ | १ |
| रौता/मुर्कुची | १२४ | ३६ | ६३ | १४ | ११ |
| हँडिया | ९६ | २७ | ४३ | १६ | १० |
| जोगिदह | १५६ | ३१ | ५५ | ५९ | ११ |
| लक्ष्मीपुर | ६६ | १४ | २२ | २२ | ८ |
| चुहाडे | ८६ | १५ | ५५ | ८ | ८ |
| खाँबु | १५२ | ३२ | ७५ | १९ | २६ |
| त्रिवेणी | ४३२ | १५० | ११२ | १५५ | १५ |
| भलायडाँडा | ३९७ | १३० | १०४ | १४१ | २२ |
| जाल्पा | ९३ | १३ | ४८ | २४ | ८ |
| साउने | १६३ | ३५ | ७० | १९ | ३९ |
| जम्मा | १८४१ | ५१२ | ६७५ | ४९५ | १५९ |
| % | १०० | २८ | ३७ | २७ | ८ |

⇨ जिल्लास्तरीय महिला स्वास्थ्य नेटवर्क समूहका सदस्यहरूलाई परिचालन गरिएको ।


⇨ पाठेघर तेश्रो डिग्री (III Step) मा खसेकाहरूलाई निःशुल्क उपचारको लागि पहल गरेको ।

⇨ ३५ जना महिला स्वास्थ्य नेटवर्क समूहका सदस्यहरूको सहभागितामा ज्ञापन पत्र बुझाइएको ।

⇨ महिला स्वास्थ्य मेलाहरू गरेको ।

*तालिका नं. १८.* उमेरको आधारमा आएको समस्याहरू

| क्र.सं. | उमेरको आधार | विरामी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-११ वर्षसम्मको | ५ | ०.१८ |
| २ | १२ - १९ वर्षसम्मको | ३२२ | ११.४ |
| ३ | २० - ३६ वर्षसम्मको | १३५४ | ४८.६ |
| ४ | ३६ - ५० वर्षसम्म | ७५२ | २६.२२ |
| ५ | ५० देखि माथिको | ३८४ | १३.६ |
| | जम्मा | २८१७ जना | १०० |




***चार्ट नं. ८.*** परामर्श केन्द्रमा समस्या लिई आएका महिलाहरूको आर्थिक अवस्था विवरण

***तालिका नं. १९.*** परामर्श केन्द्रमा समस्या लिई आएका महिलाहरूको जातिगत विवरण

| *क्र.सं.* | *जातिगत विवरण* | ***बिरामी संख्या*** | ***प्रतिशत*** |
|---|---|---|---|
| १. | ब्राम्हण/क्षेत्री | ६११ | ३५ |
| २. | दनुवार/राई/चौधरी | ४१७ | २४ |
| ३. | वि.क/परियार | २९१ | १७ |
| ४. | नेवार | २०७ | १२ |
| ५. | अन्य | २०४ | १२ |
| | जम्मा | २२८६ | १०० |

*उपलब्धिहरू*

⇨ स्वास्थ्यमा सीमान्तीकृत महिलाहरूको पहुँच बृद्धि भएको (तालिका नं. १५)।

⇨ महिला स्वास्थ्य नेटवर्क समूहको संस्थागत विकास गरिएको।

⇨ पाठेघर खस्ने समस्यामा कमी आएको।

⇨ महिलाहरूले आफ्नो समस्याको समाधान आफैले गर्न थाल्नुको साथै महिलाहरूको मुद्दामा संगठित भई आवाज उठाउन थालेका।

⇨ दिगो विकासको लागि स्थानीय स्रोत साधनको पहिचान गरी प्रयोग गर्न थालेको ।

⇨ महिला स्वास्थ्यलाई अधिकारको रूपमा स्थापित गर्न आवाज उठाउन थालेको ।

⇨ स्थानीय जडीबुटीहरूको महत्त्व बुझेर यसको संरक्षण गर्न थालेको ।

## ♣ समुदायमा आधारित एच.आई.भी./एड्स् कार्यक्रम

एचआईभी/एड्स विश्वमै एउटा चुनौतिको रूपमा देखा परेको छ । दक्षिणपूर्वी तथा एसियामा यो समस्या बढ्दो छ । नेपालमा पनि एचआईभी/एड्सको समस्या दिनानु दिन बढ्दै गइरहेको छ । त्यसमा पनि यसबाट उत्पादनशील उमेरका व्यक्तिहरू बढी प्रभावित भएको कारण खाद्य-सुरक्षा तथा दिगो जीविकोपार्जनमा समेत यसको असर परेको छ । महिला पुनर्स्थापना केन्द्रले आपनो स्थापनाकालदेखिनै एकिकृत रूपमा एचआईभी/एड्स तथा यौन रोग रोकथाम कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । यस अवधिमा सम्पादन गरिएका गतिविधिहरूको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।

### गतिविधिहरू

⇨ महिला पुनर्स्थापना केन्द्रले यस वर्ष पनि आफ्ना सबै कार्यक्षेत्रमा एचआईभी/ एड्स तथा यौन-रोग शिक्षा कार्यक्रम सञ्चालन गरेको छ ।

⇨ यस अवधिमा केन्द्रले करिव २०० युवा समूहमार्फत समुदायमा एचआईभी/ एड्सबारे विभिन्न चेतनामूलक गतिविधिहरू सञ्चालन गरेको छ ।

⇨ समुदायमा करिव २,७५० जनालाई एचआईभी/एड्स रोकथामबारे अभिमुखीकरण दिइएको थियो ।



१७ औं एचआईभी/एड्सविरुद्धको दिवसमा निकालिएको जुलुसका सहभागीहरू

⇨ त्यसैगरी एचआईभी/एड्स, यौन रोग, मानव बेचबिखनविरूद्ध गाविसस्तरीय युवा समूहका सदस्यलाई तालिम दिइएको थियो ।

> *गाउँको कुना कुनामा स्वास्थ्य सेवा उपलब्ध गराउनु सरकारको दायित्व हो भने स्वास्थ्य सेवा लिन पाउनु प्रत्येक नागरिकको अधिकार हो ।*

## ख. सघन जैविक खेती प्रणाली कार्यक्रम

*गतिविधिहरू*



आफैले तयार गरेको नर्सरीमा काम गर्दै सदा समदायका सदस्यहरू

- ⇨ किसानहरूको आयस्तर उकास्न सघन जैविक खेती प्रणालीलाई जोड दिँदै कृषकहरूको अधिकारको संरक्षण गर्ने, जैविक विविधता र वातावरण संरक्षण गर्ने उद्देश्यले जिल्लास्तरीय कृषक समूह नेटवर्क २०६०/८/२६ गते गठन गरियो ।
- ⇨ राम जानकी कृषक समूहको आयोजनामा २०६० माघ १७ गते हँडियामा र कल्याणकारी देवानेफेदी र रौता तरकारी कृषकहरूको संयुक्त आयोजनामा २०६० फागुन १ र २ गते रौता २ मुर्कुचीमा कृषि मेला गरिएको थियो ।
- ⇨ मिति २०६०/८/२५ र २६ गते सघन जैविक खेती प्रणाली अन्तर्गत "जैविक विविधता र कृषक अधिकारबारे स्पष्टता" विषयक २ दिने गोष्ठीको आयोजना गरियो । त्यसमा जैविक विविधता महासन्धि, यसको संरक्षणका उपाय, कृषक हक र अधिकार के हो विषयमा किसानहरूबीच अनुभव आदान-प्रदान गरिएको थियो ।
- ⇨ कृषकहरूबीच अनुभव आदानप्रदान गर्ने उद्देश्यले कृषक भ्रमणको आयोजना गरियो । सो भ्रमण कार्यक्रममा नौ गाविस र एक नगरपालिका समेतका ८ महिला र २० पुरूष गरी जम्मा २८ जनाको सहभागिता रहेको थियो ।
- ⇨ अग्रज नागरिकहरूबाट दिगो जीविकोपार्जनका आधारहरू पत्ता लगाई रैथाने सीप र प्रविधिको संरक्षणबाट खेती प्रविधिमा गर्न सकिने सुधारको अभिलेख राख्न, पुराना जात, परम्परागत खेती पद्धति र आधुनिक खेती, प्रकृतिको माटो, पानी, खाद्य बस्तुको अवस्था, रासायनिक मल र विषादीको असर, प्राकृतिक प्रकोप, भोकमरी जस्ता विषयमा ६० वर्षीय अग्रज नागरिकहरूसँग परम्परागत प्रविधि विषयक ३ - दिने गोष्ठी २००४ जनवरी २५-२७ मा सम्पन्न गरियो ।
- ⇨ २०६० कार्तिक २ गते द्वन्द्वले खाद्य सुरक्षामा पारेको असर विषयमा जानकारी लिई समाधानका उपाय पत्ता लगाउने उद्देश्यले द्वन्द्वको समयमा खेतीपाती गर्न नसकिएको, भोकमरी परेको, जग्गा बाँझो रहेको र यसको समाधानका निम्ति कृषक सशक्त हुनुपर्ने, सरकारी नीति स्पष्ट हुनुपर्ने तथा हिंसात्मक द्वन्द्वको समाधान भई शान्तिवार्ता हुनुपर्ने उद्देश्यले खाद्य सुरक्षा दिवसको अवसरमा १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।
- ⇨ प्राङ्गारिक तरकारी खेतीलाई व्यावसायिकतातर्फ उन्मुख गराउने उद्देश्यले प्राङ्गारिक तरकारी खेतीको व्यापार केन्द्र स्थापना गरिएको छ । त्यसबाट ३० जना कृषकहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । सो केन्द्रबाट ३ महिनासम्म प्रतिदिन रू ४००।- आम्दानी हुन थालेको छ ।
- ⇨ स्थानीय स्रोत र साधनको प्रयोग र परिचालनद्वारा किसानको आयस्तर उकास्न सघन जैविक खेती प्रणालीमा आधारित मौसमी तथा बेमौसमी तरकारी खेती सम्बन्धी तालिम दिईयो । त्यसमा तरकारीमा पाईने पौष्टिक तत्व, नर्सरी राख्ने तरिका, तरकारी खेती प्रविधि, रोग-कीरा नियन्त्रणका उपाय तथा विषादीबारे प्रयोगात्मक अभ्यास गराइएको थियो । साथै बेमौसमी तरकारी काँको, फर्सि, लौका, घिरौंला, करेला खेती प्रविधि, प्लाष्टिक टनेलबाट विरूवा उत्पादन तरिका, रोगकीरा नियन्त्रणका घरेलु प्रविधि आदी विषयमा प्रयोगात्मक अभ्यास गराईएको थियो ।

*तालिका नं. १४ :* सघन जैविक खेती प्रणाली तालिमका सहभागीहरूको विवरण

| *तालिमको नाम* | *सहभागी संख्या* | | |
|---|---|---|---|
| | *महिला* | *पुरुष* | *जम्मा* |
| मौसमी तरकारी खेती र उत्पादन | १३३ | ६८ | २०१ |
| बेमौसमी तरकारी खेती र उत्पादन | ३९ | ६३ | १०२ |
| बीउ उत्पादन | ६ | १५ | २१ |
| पशु स्वास्थ्य व्यवस्थापन | ६ | ९ | १५ |
| खाद्य सुरक्षा र करेसाबारी | १४२ | ११२ | २५४ |
| IPM फलफुल उत्पादन | ८ | २४ | ३२ |
| जम्मा | ३३४ | २९१ | ६२५ |

⇨ २०६० साल फागुन ३ देखि ५ गतेसम्म स्थानीय हावापानी अनुकूलका रैथाने बीउ बिजनको संरक्षण गर्ने उद्देश्यले बीउ उत्पादन सम्बन्धी ३ दिने तालिम सञ्चालन गरिएको थियो । त्यसमा बीउको परिचय, बीउको वर्तमान अवस्था, बीउहरूको उपचार, हेरचाह गर्ने तरिका, बीउ बचाउने सीप तथा फल वा वालाबाट बीउ निकाली जतन गर्ने तरिका र बीउ उत्पादन प्रविधि एवं पुरानो बीउ बिजनको संरक्षणका उपाय आदीबारे सहभागीहरूलाई जानकारी गराईएको थियो ।

⇨ पशुपंक्षीहरूको स्वास्थ्य उपचार र व्यवस्थापन गरी कृषकहरूको बस्तुभाउलाई बचाउने उद्देश्यले पशुपंक्षी पालन तथा व्यवस्थापन तालिम २०६०/१२/२२ देखि २९ गतेसम्म सञ्चालन गरिएको थियो । सो तालिममा पशुस्वास्थ्य व्यवस्थापन, रोगका कारक तत्वहरू, पशुमा लाग्ने बाह्य परिजीवी, लक्षण र उपचार/रोकथामबारे कार्यक्षेत्रका १५ जना कृषक, महिला र युवालाई प्रयोगात्मक अभ्यास सहित जानकारी गराईएको थियो ।

⇨ हँडियाको रामजानकी कृषक समूहले यसवर्ष झण्डै २ कठ्ठा बराबरको जग्गामा नमूना फर्म स्थापना गरेको छ । सघन जैविक खेतीको सीप समुदायमा हस्तान्तरण गर्न कृषकहरूद्वारा सुरू गरिएको सो फर्ममा १९ जातका तरकारीहरू सघन रूपमा लगाई प्राङ्गारिक खेतीलाई प्रवर्द्धन गर्न नमूना प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## ख. लघु उद्योग प्रवर्द्धन कार्यक्रम

स्थानीय समुदायको जीविकोपार्जनलाई सहज पार्ने उद्देश्यले महिला पुनर्स्थापना केन्द्रले स्थानीय ज्ञान सीप र श्रोत साधनको परिचालन गरी विभिन्न खालका आय आर्जनका गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ । यस कार्यक्रममा विशेष गरी आर्थिक अवस्था कमजोर रहेको तथा समाजबाट पछाडि पारिएका महिला तथा किशोरीहरूलाई समेटिएको छ । आय-आर्जन तथा सीप विकासका लागि, कृषिमा आधारित उद्योग व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यकपर्ने तालिमका साथै सिलाई, बुनाई आदि रहेकाछन् ।

### *गतिविधिहरू*

⇨ यस अवधिमा उदयपुर जिल्लामा १८ जना किशोरी र धनुषा जिल्लाका १३ जना महिलाहरूलाई बुनाई तालिम दिईयो । तालिम प्राप्त महिला तथा किशोरीहरूले स्वेटर तयार गरी आय- आर्जन गरिरहेका छन् ।

⇨ महिला पुनर्स्थापना केन्द्रको सहजीकरणमा उदयपुरको राजावासमा सिर्जनशील महिला समूहले ढाका बुनाई कार्यक्रमलाई निरन्तरता दिइरहेको छ । उक्त समूहका सदस्यहरूलाई स्वेटर बुनाई तालिम पनि दिइएको थियो ।

⇨ यस अवधिमा धनुषा, मोरङ्ग, सुनसरीका किशोर/किशोरीहरूलाई फाईल बनाउने र सिलाई, बुनाई जस्ता विषयमा सीप विकास तालिम सञ्चालन गरिएको थियो।

⇨ महिला पुनर्स्थापना केन्द्रको कार्यक्षेत्रका महिला समूहहरूले वचत र ऋण कार्यक्रम सञ्चालन गरी आय आर्जनका विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेका छन्। बचत परिचालनको लागि केन्द्रले प्राविधिक सहयोग प्रदान गर्दै आइरहेको छ।

⇨ उदयपुरमा सिर्जनशील महिला समूहले बन उपभोक्ता समिति र जिल्ला बन कार्यालयसँगको समन्वयमा करिब २.५ हेक्टर जमिनमा जडीबुटी खेतिको सुरूवात गरेको छ। यसलाई समूहले भविष्यमा समूहका अन्य गतिविधि सञ्चालनको लागि थप आय आर्जनको श्रोतको रूपमा उपयोग गर्ने सोच बनाएको छ। यस कार्यको लागि महिला पुनर्स्थापना केन्द्रले केही आर्थिक सहयोगको साथै आवश्यकताअनुसार प्राविधिक सहयोग उपलब्ध गराउँदै आइरहेको छ।

*उपलब्धिहरु*

⇨ कार्यक्षेत्रका १०३२ जना युवा कृषकहरूलाई १ देखि ३ दिनसम्मको प्रयोगात्मक अभिमुखीकरण तालिम दिईयो। जसमा ७०४ जना महिला र ३२८ जना पुरूष रहेका छन्। महिला पुनर्स्थापना केन्द्रको अक्षय कोषबाट गतवर्ष युवा समूहमा रू. १३,५००।-, कृषक समूहमा रू. २०,४४०।- र महिला समूहमा रू. १०८,८००।- रकम लगानी भएको छ।

⇨ किसानहरूको हक र अधिकारको संरक्षण गर्न उदयपुर कृषक सञ्जाल जिल्लास्तरीय रूपमा खडा भयो।

⇨ किसान समूहको सक्रियतामा रौतामा २ जनाले प्राङ्गारिक तरकारी व्यापार केन्द्र स्थापना गरेका छन्।

⇨ पशु स्वास्थ्य तालिम लिएका सहभागीहरू मध्ये ५ जनाले गाउँघरमै भ्याक्सिन सेवा सुरू गरेको।

⇨ स्थानीय कृषकहरू व्यावसायिक खेतीतर्फ उन्मूख भएका छन्।

⇨ वातावरण र जैविक विविधता संरक्षण गर्न तथा मानव स्वास्थ्यमा सरोकार राखी विभिन्न गोष्ठी र तालिममा छलफल गरी पैरवी गर्न थालेका छन्। कृषकहरूमा तालिम संचालन गर्ने तथा सशक्तीकरण र नेतृत्व क्षमता अभिवृद्धि भएको छ।

⇨ उदयपुरमा धान, मकै, कोदो र तरकारीका वीउ लगायत ८९ वटा रैथाने बीउ संकलन र डकुमेन्टेशन गरिएको।



तरकारी बारीमा किरा नियन्त्रण गर्ने प्रयास गर्दै सदा सदस्यहरू

⇨ घरेलु विषादीमा सुर्ति, गहुँत, खरानी, साबुन र पिर्रेझारको प्रयोग बढी हुन थालेको छ।

⇨ भलायडाँडाको चन्द्रमुखी महिला समूहले सामूहिक रूपमा २ कठ्ठामा २०० बोट केराखेती गरी सामूहिक आयआर्जन गर्न सुरू गरेको छ।

⇨ ज्योती पुरूष सदा समूह, जलजलेले तालिममा सिके बमोजिम मौसमी तरकारीको नर्सरी स्थापना गरी रू. २६००।- को बेर्ना बिक्री गरी आम्दानी गरेको छ। हालै उक्त समूहलाई केन्द्रबाट फिर्ता हुने गरी रू. १४००।- को बीउ आलु र फिर्ता नहुने गरी रू.३५०।- को प्याजको बीउका लागि सहयोग गरिएको छ। आधा कठ्ठा जमिनमा राखिएको प्याजको नर्सरी र साढे दुई कठ्ठा जमिनमा लगाएको आलुबाट झण्डै रू. १०,०००।- सम्म आम्दानी हुन सक्ने कुरा उक्त समूहका सदस्यहरूले अनुमान गरेका छन्।

⇨ कृषक समूहमा गरिएको अध्ययन बमोजिम जोगिदहमा १० कठ्ठा, हँडियामा १३.५ कठ्ठा, रौतामा ६ कठ्ठा, भलायडाँडामा ४ कठ्ठा र साउनेमा ३५ कठ्ठा क्रमशः धनिया, आलु, गोलभेडा, खुर्सानी, बेसार खेती गरी पकेट क्षेत्रको विस्तार गर्ने प्रयास सुरू गरिएको छ।

## ३. अनुसन्धान, प्रकाशन र अभिलेखालय

### *अनुसन्धान*

शिक्षा, स्वास्थ्य र सीपविकासको अवसरबाट पछाडि पारिएका सीमान्तीकृत समुदायको बारेमा विस्तृत रूपमा जानकारी हासिल गरी उनीहरूको जीवनस्तर माथि ल्याउन सहयोग पुऱ्याउने उद्देश्यले सिराहांको बस्तीपुर गाविसमा अनुसन्धान गरी रिपोर्ट प्रकाशन भएको छ ।

### *प्रकाशन*

समाजमा विद्यमान लैङ्गिक भेदभाव, शोषण, अन्याय र असमानताविरूद्ध जागरूक भई आर्थिक रूपले उत्पादनशील, समान र दिगो सबै नागरिकहरूका लागि समान मानवअधिकार भएको तथा समाजिक न्यायपूर्ण र स्वस्थ नेपाली समाजको स्थापना गर्ने उद्देश्य महिला पुनर्स्थापना केन्द्रले लिएको छ । यस उद्देश्य अनुरूप महिला पुनर्स्थापना केन्द्रले सामुदायिकस्तरमा उठेका मुद्दाहरूलाई नीति-नियम बनाउने तहसम्म पुऱ्याउनको लागि प्रकृयागत रूपमा पैरवी गर्दै आएकोछ । ती मुद्दाहरूमा सम्बन्धित निकायलाई सम्वेदनशील बनाउनको निमित्त र नीति परिवर्तनको लागि केन्द्र सधैं लागि परेको छ । आफ्नो कार्यक्रमहरूको बारेमा विस्तृत जानकारी गराउने, आफूले उठाएका मुद्दाहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म पैरवी गर्न र महिला, बालबालिका तथा पछाडि पारिएका जनसमुदायलाई आफ्नो अधिकारको बारेमा जानकारी गराउने उद्देश्यले विभिन्न किसिमका सामाग्रीहरू प्रकाशन गरिएका छन् । प्रकाशन विभागबाट नियमित रूपले त्रैमासिक पत्रिका, जानकारी पत्र, रिपोर्ट, ब्रोसर, पोस्टर, इन्फरमेशन किट, म्यानुएलहरू लगायत अन्य आवश्यक सामग्रीहरूको प्रकाशन हुँदै आइरहेको छ ।

### *आ.व.२०६०/०६१ मा प्रकाशन भएका र प्रकाशनहरू*

१. ***चेलीको व्यथा*** : मानव बेचबिखनविरूद्ध पैरवीमूलक त्रैमासिक प्रकाशन, सम्पादन डा. विनायक राजभण्डारी, संयोजन गीता पराजुली ।
२. ***सयपत्री*** : सयपत्री महिला स्वास्थ्य सम्बन्धी त्रैमासिक प्रकाशन, सम्पादन डा. विनायक राजभण्डारी संयोजन गीता पराजुली ।
३. ***बाटिका*** : महिला पुनर्स्थापना केन्द्रको गतिविधिहरूको सँगालोको रूपमा प्रकाशित समाचार पत्रिका सम्पादक डा. विनायक राजभण्डारी र ओमी शर्मा ।
४. ***ओरेक न्यूज लेटर*** : महिला पुनर्स्थापना केन्द्रद्वारा अग्रेजीमा अर्ध-वार्षिक रूपमा प्रकाशित समाचार पत्रिका, सम्पादक डा. विनायक राजभण्डारी र संयोजन आञ्जे केलरम्यान र मञ्जु कार्की ।
५. ***इन्साईट:*** मानव बेचबिखनविरूद्ध पैरवीमूलक अग्रेजीमा प्रकाशित हुने संस्थाको अर्ध-वार्षिक प्रकाशन, सम्पादन डा. विनायक राजभण्डारी, संयोजन, शिखा मानन्धर ।
६. ***महिला स्वास्थ्य के, किन र कसरी*** : डा. रेणु राजभण्डारीद्वारा महिला स्वास्थ्यका विषयमा लेखिएका लेखहरूको संगालोको रूपमा प्रकाशित पुस्तिका, सम्पादन डा. विनायक राजभण्डारी ।
७. ***ट्राफिकिङ इन्फरमेशन प्याकेज*** : पैरवीमूलक स्रोत सामग्री, सम्पादन मञ्जु कार्की, संयोजन लिसा गिब्सन ।
८. ***एचआईभी/एड्स इन्फरमेशन प्याकेज*** : एचआईभी/एड्स पैरवीमूलक स्रोत सामग्री, सम्पादन मञ्जु कार्की, संयोजन लिसा गिब्सन ।

९. ***माइग्रेशन इन्फरमेशन प्याकेज :*** सुरक्षित बसाइँसराइसम्बन्धी पैरवीमूलक स्रोत सामग्री, सम्पादन मञ्जु कार्की संयोजन लिसा गिब्सन ।

१०. ***वैदेशिक रोजगारीमा जानेले जान्नैपर्ने कुराहरु (संसोधित):*** विदेशमा काम गर्न जानेहरूका लागि तयार गरिएको जानकारी पुस्तिका, संसोधन रमेश बडाल ।

११. ***पेलीबेटी बेचबिखनको सेरोफेरो :*** डा. रेणु राजभण्डारीद्वारा मानव बेंचबिखनविरूद्ध लेखिएका लेखहरूको संगालो, सम्पादन डा. विनायक राजभण्डारी ।

१२. ***एचआईभी/एड्स चित्रकथा (अठोट) :*** एचआईभी/एड्सविरूद्ध चित्रकथा, कथा ज्योती रेग्मी र चित्र बासु क्षितिज ।

### १३ प्रतिवेदनहरु

१. **"हिंसात्मक राजनैतिक द्वन्द्वः शान्ति र विकासका लागि चुनौती"** : शान्तिका लागि गरिएका क्षेत्रीय जनसम्मेलनहरूको रिपोर्ट, सम्पादन डा. विनायक राजभण्डारी, संयोजन गीता पराजुली

२. **टुगेदर फर सोसल जस्टिस** : महिला पुनर्स्थापना केन्द्रको सन् २००२-२००३ वार्षिक प्रतिवेदन (अंग्रेजीमा), सम्पादन डा. विनायक राजभण्डारी, संयोजन बाबुराम गौतम र विना पोखरेल ।

३. **सीराहाको सारांश रिपोर्ट (नेपाली)** : सीमान्तीकृत समुदायमा गरिएको सर्वे रिपोर्ट, सम्पादन डा. विनायक राजभण्डारी, संयोजन मिन बस्नेत ।

### १४. पोष्टरहरु

१. एचआईभी/एड्स लागेकालाई भेदभाव, बहिष्कार गर्नु एचआईभी/एड्सभन्दा भन ठूलो समस्या हो ।

२. दिगो जीविकोपार्जनको लागि सघन जैविक खेती प्रणाली अपनाऔं।

### १५. फ्याक्ट सिट

१. वर्तमान आन्दोलन र महिला अधिका

२. नागरिकताको सवालमा महिलाको अधिकार

३. युवा परिचालन : राष्ट्रोत्थानको पहिलो शर्त

१६. ***भंगालो (भाग २) :*** मानवबेचबिखनविरूद्ध चित्रकथा, सम्पादन डा. विनायक राजभण्डारी, कथा ज्योती पौडेल, चित्र बासु क्षितिज ।

१७. ***एड्स भएकाहरुसँग होइन, एड्सविरुद्ध लडौं (एचआईभी/ एड्स- प्रश्नोत्तरमाला) :*** सम्पदान डा. विनायक राजभण्डारी, तयार पार्ने डा. रेणु राजभण्डारी, ज्योती रेग्मी र शीखा मानन्धर ।

१८. ***ई. एम. जानकारी पुस्तिका :*** लेखन तथा सम्पादन डा. विनायक राजभण्डारी ।

१९. ***कविता संग्रह (भाग १) :*** समुदायका किशोर/किशोरी, युवा र महिलाहरूद्वारा रचित कविताहरू, संपादन विनायक राजभण्डारी, संयोजन विष्णु न्यौपाने ।

### २०. ब्रोसर

१. काउली र बन्दा खेती प्रविधि

२. आधुनिक केरा खेती प्रविधि

३. प्रांगारिक गाजर र मूला खेती प्रविधि

४. ओरेक जनरल इन्फरमेशन

५. १६ दिवसीय गतिविधि-लिफ्लेट (अंग्रेजी): सम्पादन डा. विनायक राजभण्डारी, लेखन ज्योती पौडेल ।

***२१. पर्चाहरू***

१."तपाईको जिल्लाभित्र वैदेशिक रोजगारी र सुरक्षित बसाइँसराइ सूचनाको अवसर"


***२२. महिला स्वास्थ्यको चक्र (तालीम सामग्री)*** : महिलाहरूको पाठेघर खस्ने जानकारीमूलक चक्र, तयार पार्ने भविसरा गुरूङ्ग, संयोजक विकास व्यंन्जु ।

***२३. क्यालेण्डर (२०६१ साल)***

***२४. ओरेक डायरी २००५***

*अभिलेखालय*

महिला पुनर्स्थापना केन्द्रको स्थापनासँगै केन्द्रिय कार्यालय र शाखा कार्यालयहरूमा अभिलेखालय पनि स्थापना गरी सुदृढीकरण गरिँदै आएको छ । अभिलेखालयमा महिला स्वास्थ्य, मानवअधिकार, कानुन, कृषि, मानवबेचबिखनविरूद्धका सामाग्रीहरू, ओरेकका प्रकाशनहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट प्रकाशित पुस्तक, रिपोर्ट, पत्रपत्रिकाहरूलाई व्यवस्थित रूपमा राखिएको छ । केन्द्रिय अखिलेखालयमा उपलब्ध सामाग्रीहरूको विवरण चार्ट नं. ५ मा प्रस्तुत गरिएको छ ।




***चार्ट नं. ५.*** अभिलेखालयमा उपलब्ध पुस्तकहरूको संख्यात्मक विवरण

# महिला पुनर्स्थापना केन्द्र- एक परिचय

## दृष्टिकोण

मानवअधिकार र सामाजिक न्यायमा आधारित दिगो विकास गर्न महिला पुनर्स्थापना केन्द्रलाई मानवबेचबिखनविरुद्ध र महिलाअधिकारको दायरामा सक्रिय गैरसरकारी संस्थाको रुपमा स्थापित र विकास गर्ने ।

## परिलक्ष्य

मानवअधिकारको सम्वर्द्धन र सामाजिक न्यायमा आधारित दिगो सामुदायिक विकास गर्ने ।

## रणनैतिक दिशाहरू

- ⇨ सामूहिक सशक्तीकरण तथा सामाजिक परिचालन ।
- ⇨ सामाजिक न्याय, समानता र शान्तिका आधारित लागि पैरवी ।
- ⇨ दिगो जीविकोपार्जन र स्रोत व्यवस्थापन ।


**महिला पुनर्स्थापना केन्द्र**
बालकुमारी, ललितपुर
पोष्ट बक्स नं. १३२३३, काठमाडौं
फोन नं. : २१२३१२४, २१२३१३६
फ्याक्स : ५५५४४५७४
इमेल : worec@wlink.com.np
वेबसाइट : www.worecnepal.org